## प्रथम परिच्छेद

# शोधपरिचय

### १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **रामप्रसाद अर्यालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधपत्रको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि तयार  गरिएको छ ।

### १.३ विषयपरिचय

रामप्रसाद अर्यालको जन्म वि.सं. २००२ साल माघ २ गते काठमाडौं बालुवाटारमा भएको हो । पिता डिल्लीनाथ अर्याल र माता एककुमारीका पुत्र रामप्रसादले स्नातकसम्मको अध्ययन गरेको देखिन्छ । २०२४ सालबाट साहित्य लेखनको थालनी गरेका यिनले हिन्दी साहित्यका वेदप्रकाश र नेपाली साहित्यका भूपी शेरचनबाट रचनात्मक प्रेरणा प्राप्त गरेका हुन् । यिनको प्रथम प्रकाशित रचना भने **चाकरी** (२०३९) उपन्यास हो। यिनका हालसम्म प्रकाशित रचना भने निम्न अनुसार रहेका छन् :

१) **चाकरी** (२०३९) उपन्यास

२) **अभिशाप** (२०४०) उपन्यास

३) **असन्तुलन** (२०४३) उपन्यास

४) **शीर्षक एक कृति अनेक** (२०६५) कवितासङ्ग्रह ।

साहित्यकार रामप्रसादले उपन्यासमा विस्तृत क्षेत्र अटाउन सक्ने भएकाले र विसङ्गतिप्रति व्यङ्ग्य गर्न सजिलो हुने भएकाले उपन्यासविधालाई रोजेको देखिन्छ । यिनका औपन्यासिक रचनाहरू नेपाली जनजीवनका सामाजिक धरातलमा संरचित देखिन्छन् । यिनले सामाजिक यथार्थतालाई आदर्शको जलप लगाई आफ्ना उपन्यासमा

प्रस्तत‌ु गरेका छन् । यसर्थ आदर्शोन्मुख यथार्थवादमा यिनको उपन्यास लेखन केन्द्रित देखिन्छ । कविताका सन्दर्भमा अर्याललले सरल, मध्यम र वौद्धिक लेखनलाई अपनाएको देखिन्छ । यी तीनै प्रकारका कवितालाई उनले '**शीर्षक एक कृति अनेक**' कवितासङ्ग्रहमा प्रकट गरेका छन् । यस कारण उनी बौद्धिक लेखनका क्षेत्रमा पनि संलग्न रहेको पाइन्छ । तथापि ती कविता, सरल र नैतिक शिक्षाप्रद रहेका छन् । प्रस्तुत शोधपत्रमा उनका धार्मिक र सिर्जनात्मक कृतिको विश्लेषणका साथ उनको जीवनी र व्यक्तित्वलाई प्रकाश पारिएको छ ।

## १.४ समस्याकथन

साहित्यकार रामप्रसाद अर्याललले नेपाली साहित्यका उपन्यास र कविता विधामा कलम चलाएका छन् । उनले हालसम्म तीन वटा उपन्यास र एउटा कवितासङ्ग्रह प्रकाशित गरेका छन् । उनको जीवनी र व्यक्तित्वका बारेमा हालसम्म कुनै प्रकारको अध्ययन भएको देखिँदैन । यसैगरी उनका साहित्यिक रचनाका बारेमा पनि अध्ययन हुन सकेको पाइदैन । यसर्थ यी दुवै कुरा यहाँ मूल समस्याका रूपमा रहेका छन् । यसै मूल समस्यामा केन्द्रित भई प्रस्तुत शोत्रपत्रका समस्याहरूलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

क) राम प्रसाद अर्यालको जीवनी के-कस्तो छ ?

ख) उनको व्यक्तित्वका पाटा के-कस्ता छन् ?

ग) उनका साहित्यिक रचनाको अध्ययन कसरी गर्न सकिन्छ ?

घ) उनका साहित्यिक रचनाको मूल्याङ्कन कस्तो छ ?

## १.५ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्य समस्याकथनमा उठेका समस्याहरूको समाधानका लागि र साहित्यकार रामप्रसाद अर्यालका बारेमा विस्तृत अध्ययन गरी प्रकाशमा ल्याउनका लागि निम्न लिखित उद्देश्यहरूमा केन्द्रित रहेको छ :

क) रामप्रसाद अर्यालको जीवनी प्रस्तुत गर्नु ।

ख) उनका व्यक्तित्वका पाटाहरूलाई खुलस्त गर्नु ।

ग) उनका साहित्यिक रचनाहरूको अध्ययन गर्नु ।

घ) उनका साहित्यिक रचनाको मूल्याङ्कन गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

साहित्यकार रामप्रसाद अर्याल प्रकाशनका दृष्टिले २०३९ सालदेखि नेपाली साहित्यमा कलम चलाउँदै आएका हुन् । उनले हालसम्मको अवधिमा तीनवटा उपन्यास र एउटा कवितासङ्ग्रह प्रकाशित गरिसकेका छन् । उनको अन्तिम रचनाका रूपमा २०६५ सालको कवितासङ्ग्रह **शीर्षक एक कृति अनेक** रहेको देखिन्छ । यसरी २०३९ सालदेखि २०६५ सालसम्म नेपाली साहित्यमा सक्रिय सहभागिता जनाएका अर्यालका बारेमा र उनका रचनाका बारेमा हालसम्म कुनै प्रकारको अध्ययन भएको पाइदैन । यति हुँदाहुँदै पनि केही सन्दर्भमा उनका बारेमा केही लेख भने आएको देखिन्छ । हालसम्म उनका बारेमा प्रस्तुत विवरणलाई पूवकार्यका रूपमा निम्नानुसार प्रस्तुत गरिन्छ :

**चाकरी** (२०३९) उपन्यासमा प्रकाशकीय लेखमा प्रथम प्रयासमै समाजको भित्री तह केलाएर चाकरी जस्तो सडेर बसेको अन्ध संस्कृतिको उद्घाटन गरी सरल, सरस र आकर्षक भाषाशैलीमा प्रस्तुत गरिएको भनी अर्यालले उठाएको विषय र प्रयोग गरेको भाषाशैलीका बारेमा चर्चा गरिएको छ ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** (२०६४) नामक कृतिमा सामाजिक यथार्थवादी धारामा रामप्रसाद अर्यालको नामोल्लेख गरेका छन् ।

## १.७ शोधकार्यको औचित्य

साहित्यकार रामप्रसाद अर्यालका बारेमा बढी चर्चा भएको पाइँदैन । उनको कहीँ कतै खासै अध्ययन पनि भएको पाइँदैन । यस कारण साहित्यकार रामप्रसाद अर्यालको जीवनी, व्यक्तित्व र कृतित्वका सम्पूर्ण पाटाहरूको विस्तृत र व्यापक अनुसन्धान गरी सही निष्कर्ष र निचोड प्रस्तुत गरिने भएकाले यो शोधकार्य स्वतः औचित्यपूर्ण हुनेछ । यसका साथै थप अध्ययन गर्न चाहने जिज्ञासु पाठकहरूका लागि मार्गनिर्देश गर्न पनि प्रस्तुत शोधकार्य सहयोगी बन्ने छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य साहित्यकार रामप्रसाद अर्यालको जीवनी, व्यक्तित्व, साहित्यिक रचनाहरूको अध्ययनमा केन्द्रित रहेको छ । उनले २०२४ देखि साहित्यिक कृतिको रचना गरेको भए पनि हाल ती रचना उपलब्ध नभएकाले २०३९ देखि रचना गरिएका कृतिहरूको विश्लेषण गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ शोधविधि

### १.९.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्रको तयारीका क्रममा पुस्तकालीय अध्ययन पद्धतिलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । यसै गरी साहित्यकार रामप्रसाद अर्यालको विचार र परिचय लिनका लागि अन्तर्वार्ता र प्रश्नावली विधिको प्रयोग गरिएको छ । यस्तै अर्यालका बारेमा चर्चा भएका विभिन्न लेखहरूको पनि प्रस्तुत शोधकार्य निर्माणमा सहयोग लिइएको छ ।

### १.९.२ अध्ययन तथा विश्लेषण विधि

प्रस्तुत शोधपत्रलाई व्यवस्थित गर्नका लागि सङ्कलित सामग्रीलाई वर्णनात्मक एवम् विश्लेषणात्मक ढङ्गले प्रस्तुत गरिएको छ । यसका साथै रामप्रसाद अर्यालका साहित्यिक कृतिहरूको अध्ययन गर्दा समीक्षात्मक तथा व्याख्यात्मक दृष्टिकोण समेत अपनाइएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित तथा क्रमबद्ध ढङ्गले प्रस्तुत गर्ने सन्दर्भमा निम्न लिखित परिच्छेदमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | - | शोधपरिचय |
| दोस्रो परिच्छेद | - | रामप्रसाद अर्यालको जीवनीको अध्ययन |
| तेस्रो परिच्छेद | - | रामप्रसाद अर्यालको व्यक्तित्वको अध्ययन |
| चौथो परिच्छेद | - | रामप्रसाद अर्यालको कृतित्वको अध्ययन |
| पाँचौं परिच्छेद | - | उपसंहार |

## दोस्रो परिच्छेद

# रामप्रसाद अर्यालको जीवनीको अध्ययन

## २.१ जन्म र जन्मस्थान

रामप्रसाद अर्यालको जन्म मध्य नेपालको वाग्मती अञ्चलको काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४, बालुवाटार, महाराजगञ्जमा माता एककुमारी अर्यालको कोखबाट वि.सं. २००२ साल माघ २ गते भएको हो । पिता डिल्लीनाथ अर्यालका दुई श्रीमतीमध्ये जेठी पत्नी एककुमारी अर्यालका कान्छा छोराका रूपमा यिनको जन्म भएको हो ।[१]

## २.२ बाल्यकाल

रामप्रसाद अर्यालको जन्म वालुवाटार भए पनि पछि चुनदेवी महाराजगञ्जमा यिनका परिवारको बसाइँ सराइ भएको थियो । यिनको बाल्यकाल सामान्य नै बितेको देखिन्छ । पिता अङ्ग्रेजी भाषाका विरोधी भएकाले यिनको अङ्ग्रेजी सिक्ने सपना अधुरो रहेको देखिन्छ । यिनी बाल्यकालमा नजिकका छिमेकी दौंतरीहरूसँग गाईबाख्रा चराउने, डण्डीबियो, लुकामारी, गुच्चा जस्ता खेलहरू खेल्ने गर्दथे । यसका अतिरिक्त खोपी खेल्नु र पौडी खेल्नु पनि उनको बाल्यकालीन सोख थियो । सामान्य परिवारमा जन्मेकाले यिनको अक्षरारम्भ अभिभावकको निर्देशनमा घरबाटै सुरु भएको थियो ।[२] यसरी हेर्दा यिनको बाल्यकाल सामान्य तरिकाले बितेको देखिन्छ ।

## २.३ शिक्षादीक्षा

सामान्य परिवारमा जन्म भएकाले रामप्रसाद अर्यालको शिक्षा ग्रहण घर परिवारबाट नै भएको जानकारी पाइन्छ । यिनी घरको सामान्य अध्ययनबाट एकैचोटी विद्यालयमा पाँच कक्षामा भर्ना भएका थिए । यसैवेला यिनका पिताजीको देहावसान हुन पुग्छ । तैपनि यिनले हरेस नखाई आफ्नो पढाइलाई निरन्तरता दिइराखे । यिनी छ, सात,आठ र नौ कक्षा नै नपढी शान्ति विद्यागृह हाइस्कुल लैनचौरमा कक्षा दशमा भर्ना

---

[१] शोधनायक रामप्रसाद अर्यालबाट प्राप्त जानकारी ।

[२] ऐजन ।

भए । यसरी एकैचोटी दश कक्षामा पढेकाले साथीहरूले उनलाई खिज्याए । यसले गर्दा उनको पढाइ कमजोर बन्न पुग्यो । फलस्वरूप दुई वर्ष लगाएर भए पनि उनले टेस्ट उत्तीर्ण गरे । त्यस्तै उनले एस.एल.सी. पनि दुई पल्ट लगाएर २०२२ सालमा तृतीय श्रेणीमा उत्तीर्ण गरे । यस्तै क्रममा काम गर्दै पढ्दै उनले आई.ए., बी.ए. उत्तीर्ण गरे । विश्वविद्यालयसम्म पढ्ने यिनको इच्छा थियो तर सो विभिन्न समस्याले पुरा हुन सकेन । जागिरको राम्रो व्यवस्था नभएकाले यिनी आफ्नो पढाइलाई त्यत्तिकैमा सीमित राख्न बाध्य भए ।[३] विद्यालयको निरन्तर पढाइ मात्र नभएर अर्यालले आफ्नो मिहिनेतमा स्वाध्ययन पनि प्रशस्त गरेको देखिन्छ ।

## २.४ उपनयन

रामप्रसाद अर्यालको व्रतवन्ध वि.सं. २००९ मा आफ्नै घरमा भएको थियो । सात वर्षको उमेरका बालक अर्यालको उपनयन संस्कार हिन्दू वैदिक विधि अनुसार सम्पन्न भएको थियो । यिनलाई आफ्ना पिता डिल्लीनाथ अर्यालले गायत्री मन्त्र श्रवण गराएका थिए ।

## २.५ दुःखका क्षणहरू

अर्याल अध्यात्मवादमा विश्वास गर्ने र मानवोपयोगी धार्मिक मान्यतामा विश्वास राख्दछन् । उनका अनुसार प्रत्येक गृहस्थी कर्मवन्धको आसक्तीबाट टाढा रहनुपर्दछ । उनी मानवीय नैतिक पक्षको विकासमा आफ्ना साहित्यिक रचनाको आवाज रहेको स्वीकार्छन् । आफ्नो जीवनमा उनी माता र पिताको मृत्युले सबभन्दा बढी पीडित भएका थिए । उनकी आमाको मृत्यु वि.सं. २०६६ मा भएको हो भने पिता वि.सं. २०१४ मा परमधाम भएका थिए । यिनी धार्मिक स्वभावका भए पनि मृत्युलाई ईश्वरीय लीनभन्दा भौतिक विस्रान्ति ठान्दछन् । यिनको जीवनमा मातापिताको देहावसान अत्यन्त दुःखका रूपमा रहेको छ ।[४]

---

[३] ऐजन ।

[४] ऐजन ।

## २.६ दाम्पत्य जीवन र पारिवारिक स्थिति

### २.६.१ विवाह र सन्तान

रामप्रसाद अर्यालको विवाह उनी २२ वर्षको हुँदा २०२७ साल जेठ २० गते मञ्जु अर्याल (रेग्मी)सँग पूर्ण रूपमा परम्परागत मागी विवाहका रूपमा सम्पन्न भएको हो । यिनको विवाह गराउनमा यिनका दाजुले लमीको भूमिका निर्वाह गरेका थिए । सुखी दाम्पत्य प्रेममा आबद्ध अर्याल तीन भाई छोरा (लव, सरोज, सतिश) र एउटी छोरी सरिताको बाबु बनी अभिभावकीय भूमिका निभाइरहेका छन् । यिनका जेठा छोरा लव सामान्य व्यापार गर्दछन्, माइला छोरा भने क्याम्पसमा पढाउने काम गर्दछन, त्यस्तै उनका कान्छा छोरा पनि सामान्य व्यवसाय नै गर्दछन् । छोरी भने आफ्ना श्रीमान्का साथमा अमेरिकामा बसोवास गर्दछिन् ।[५] हाल उनी कुनै पनि छोरा बुहारीसँग नबसी श्रीमती मञ्जु अर्याल (रेग्मी)का साथमा जीवन बिताइरहेका छन् ।

### २.६.२ आर्थिक अवस्था

सामान्य परिवारमा जन्मेहुर्केका रामप्रसाद अर्यालले अध्ययनका क्रममा प्रशस्त आर्थिक सङ्कट भोग्नु परेको थियो । अभाव र गरिबीका कारणले यिनको बाल्यकालीन जीवन सङ्घर्षपूर्ण थियो । यिनका पिताका दुई श्रीमती भएकाले ती दुई श्रीमती र तिनका सन्तानलाई लाउन, खान र शिक्षादीक्षा दिन यिनका पितालाई जजमानका भरमा हम्मेहम्मे नै थियो । यस कारण खेतीपाती गर्नु अनिवार्य थियो । यिनी आफ्नो विद्यालय तहको पढाइ पुरा भएपछि २०१९ सालमा तथ्याङ्क विभागमा काम गर्न थाले । सोही साल उनी लोक सेवा आयोगमा परीक्षा दिई बहिदार पदमा नियुक्ति पाई स्वास्थ्य सेवा विभागमा कार्यरत भए । यसै विभागमा बढुवा भई २०२१ देखि २०२९ सालसम्म कार्यरत भए । यस्तै २०३० सालमा उनी विदेशी प्रोजेक्टमा काम गर्न थाले ।[६] यसरी विभिन्न सङ्घसंस्थामा आबद्ध भई वि.सं. २०४२ को अन्त्यदेखि घरमै बसेर साहित्यिक सिर्जना तर्फ ध्यान दिन थाले । हाल उनी कुनै सङ्घसंस्थासँग आबद्ध छैनन् तर सिर्जनात्मक कार्यमा भने निरन्तरता दिइरहेका छन् । हाल उनीसँग काठमाडौं चुनदेवीमा एउटा सानो घर छ ।

---

[५] ऐजन ।

[६] ऐजन ।

यसरी समग्रमा हेर्दा उनको प्रारम्भिक जीवन आर्थिक सङ्कटमा गुज्रिए पनि हाल उनको आर्थिक अवस्था सन्तोषजनक रहेको देखिन्छ ।

## २.७ बसोबास र आजीविका

हरेक मानिसका आ-आफ्ना इच्छा आकाङ्क्षा हुन्छन् । मानिसहरू आ-आफ्ना रुचि, बाध्यता वा परिस्थितिअनुसार विभिन्न स्थानमा बसाइँ सर्ने र बसोबास गर्ने गर्दछन् । रामप्रसाद अर्याल बाजेका पालादेखि नै काठमाडौंमा बसोबास गर्दथे । त्यसभन्दा अघि यिनको पुर्ख्यौली थलो गोरखा रहेको जानकारी पाइन्छ । यिनका पुर्खाहरू पृथ्वीनारायण शाहको समयमै गोरखाबाट काठमाडौं बसाइँ सरेका थिए । पछि रामप्रसाद अर्यालले काठमाडौंको चुनदेवीमा एउटा सानो घर जोडेका थिए ; जुन घर यिनको पैत्रिक सम्पत्ति हो । यिनले छोराछोरीको लालनपालनका लागि विभिन्न ठाउँमा जागिरे जीवन बिताएका थिए । रामप्रसाद अर्यालले उच्च शिक्षा अध्ययन गर्दादेखि नै जागिर खाने क्रम चलेकाले यिनको काठमाडौं बसाइ सहज तरिकाले बितेको देखिन्छ । यिनका सबै दाजुभाइ पैत्रिक सम्पत्ति अंशबण्डा गरी अन्यत्र बसोबास गरिरहेका छन् । सबै दाजुभाइ र दिदीबहिनीहरू हाल काठमाडौंकै विभिन्न स्थानमा बसोबास गरिरहेका छन् । पैत्रिक सम्पत्ति प्रशस्त नभएका कारण अर्यालले जीवनमा आयआर्जन गर्न धेरै सङ्घर्ष गर्नुपर्‍यो । विद्यालयको शिक्षा पुरा गरेपछि आइ.ए. अध्ययन गर्दागर्दै आर्थिक समस्या समाधान गर्न जागिर खोजिरहेका अर्यालले २०१९ सालमा तथ्याङ्क विभागमा काम गर्न थालेका थिए । साथमा पढाइलाई निरन्तरता दिइरहेका अर्यालले आई.ए. हुँदै बी.ए. सम्मको अध्ययन पुरा गरे । यिनको विश्वविद्यालयमा पढ्ने रहर भने पुरा हुन सकेन । रामप्रसाद अर्यालले २०१९ सालमा लोक सेवा आयोग पास गरी बहिदारमा नियुक्ति पाई २०२१ असारसम्म मात्र काम गरेका थिए । त्यसपछि यिनी साझा स्वास्थ्य सेवा विभागमा काम गर्न थाले । यसका साथै २०३० सालसम्म उनी यसै विभागमा बढुवा भई अधिकृत भए । त्यसपछि उनले यो काम छाडेर विदेशी प्रोजेक्टमा काम गर्न थाले । कृषिसम्बन्धी काम भएकाले यिनलाई कृषिसम्बन्धी सम्पूर्ण जानकारी भयो ।[७] अर्यालले २०४२ सालसम्म यसै क्षेत्रमा काम गरिरहे । हाल उनी आफ्ना परिवारका साथ अवकास प्राप्त जीवन बिताइरहेका छन् ।

[७] ऐजन ।

## २.८ भ्रमण

विभिन्न सङ्घ संस्थाहरूमा आबद्ध भई काम गरेका अर्यालले संस्थाको कामको सिलसिलामा तराईका विभिन्न जिल्ला साथै मकवानपुर लगायतका ६२ जिल्लाको भ्रमण गरेका छन् । यसका साथै सेवानिवृत्त जीवनयापन गर्ने क्रममा यिनले भारतका साथै अमेरिकाका धेरै राज्य भ्रमण गरेका छन् ।[८] उनले राष्ट्रदेखि अन्तराष्ट्रियसम्मको भ्रमण गरेको देखिन्छ ।

## २.९ रुचि तथा स्वभाव

दिनको सङ्केत बिहानीले गर्छ भने झैं मानिसको प्रवृत्ति र स्वभाव उसका हरेक क्रियाकलाप र आचरणमा प्रतिबिम्बित भएको हुन्छ । स्वतन्त्रता र मानवताका हिमायती रामप्रसाद अर्यालको स्वभाव अत्यन्तै मिलनसार तथा इमान्दार प्रवृत्तिको छ । एकान्तप्रेमी चराचुरुङ्गीको कलकल आवाज मन पराउने अर्यालले जीवनको प्रारम्भिक अवस्थादेखि नै पढाइ लेखाइप्रति रुचि देखाए । अर्यालको प्रमुख क्षेत्र अहिले साहित्य साधना र समाज सेवा रहेको छ ।[९]

समाजका प्रतिष्ठित साहित्यकार एवम् विद्वन्हरूको सङ्गत गर्न रुचाउने अर्याललाई पाश्चात्य संस्कृतिको झ्याङ्गझ्याङ्ग पटक्कै मन पर्दैन । अर्याल तथाकथित समाजको थिचोमिचो र उत्पीडनमा परेका दीनदुःखीहरूलाई पनि उत्तिकै माया गर्छन् । निश्चल र निष्कपट एवम् सँधै हँसिलो मुद्रामा हुने अर्यालको स्वभावमा सरलता पाइन्छ । यिनको घरको वातावरणमा पनि सरल र सौम्य पाइन्छ ।

## २.१० लेखन

### २.१०.१ लेखनका लागि प्रेरणा

रामप्रसाद अर्याल सानै उमेरदेखि लेखन क्षेत्रमा विशेष अभिरुचि राख्दथे । उनी लेखनाथ पौड्यालका 'पिँजराको सुगा' भानुभक्तको 'रामायण' आदिबाट प्रभावित बनेका थिए । नेपाली भाषा र साहित्यलाई केही दिनुपर्छ भन्ने विचार बोकेका अर्यालको साहित्य सिर्जना र सम्पादनका क्रममा विभिन्न साहित्यकारहरूसँग भेट भयो । यस्तै क्रममा उनले हिन्दी उपन्यासकार वेदप्रकाश, गुलसन आदि, नेपाली उपन्यासकार डायमण्ड शमशेर र

---

[८] ऐजन ।

[९] श्रीमती मञ्जु अर्यालबाट प्राप्त जानकारी ।

लीला ध्वजका उपन्यासहरू अध्ययन गर्ने मौका पाए । यस्तै बालकृष्ण समका रचनाको पनि यिनमा प्रभाव परेको थियो । अङ्ग्रेजी साहित्यकार वर्डस्वर्थ, सेक्सपियर आदि साहित्यकारको पनि यिनमा प्रभाव परेको थियो । समानता, स्वतन्त्रता र मानवताका पक्षपाती अर्याल २०२६ सालमा प्रकाशित भूपी शेरचनको **घुम्ने मेचमाथि अन्धो मान्छे** नामक कविता सङ्ग्रह अध्ययन गरेपछि जीवन्त प्रेरणा दिएको कुरा बताउँछन् ।[१०]

## २.११ जीवनदृष्टि

रामप्रसाद अर्याल जीवनलाई आफ्नो कर्मफलको प्राप्तिका रूपमा लिन्छन् । यिनी जीवात्माको अंश जीव आदिम कालदेखि नै अस्तित्वमा रहेको स्विकार्छन । हरपल हरक्षण कुनै ईश्वरीय शक्तिले प्रत्येक जीवनलाई नियालिरहेको हुन्छ भन्ने कुरालाई उनी स्विकार्दैनन् तर प्रत्येक जीव शून्यबाट आएर शून्यमै हराउँछ पनि भन्दैनन् । उनी अस्तित्वरहित जीवन निरर्थक हुन्छन् भन्छन् । हिन्दू धर्ममा आस्था राख्ने रामप्रसाद अर्याल हरेक धर्मले प्रस्तुत गरेको सार शान्ति अर्थात् मोक्षलाई आफ्नै किसिमले बुझेर मोक्ष भइने, शान्ति पूर्वक आफ्नो जीवनलाई सत्पथमा लगाएर आफूले पछिल्ला पिँढीलाई गर्न सक्ने र छाडेर जान सक्ने आफूले केही काम गरेर बिताउनुलाई नै वास्तविक जीवन ठान्दछन् ।[११] अन्यथा मानिसलाई शान्ति हुँदैन, अस्थिर भइन्छ भन्ने रामप्रसाद अर्यालको धारणा रहेको छ ।

उनी नीतिहरूको सर्वश्रेष्ठ नीति नै राजनीति हो भन्दछन् । यसमा यो नीतिसँग खेल्ने व्यक्तित्व नैतिकवान, इमान्दार, सेवक, वीर र ओजस्वी हुने कुरामा विश्वास गर्छन् । त्यसैले उनी साहित्यबाहिरका केही कुरा लेख्ने विचार राख्दछन् । राजनीतिमा उनी पनि लागेका थिए ।[१२] झण्डै एक दशक पहिले हैकमवादी नेताहरूको जगजगी देखेपछि आफूलाई बचाउन उनले पार्टी परित्याग गरेर पूर्ण रूपमा साहित्य सिर्जना र समाजसेवामा निरन्तर लागिपरेका छन् ।

## २.१२ साहित्यिक रचना

रामप्रसाद अर्याल वि.सं. २०२४ मा 'गाउँलाई कोसेली' शीर्षकको कविता रचना गरी साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । यिनको सिर्जनात्मक कार्य निरन्तर रूपमा नभई

---

[१०] शोधनायक रामप्रसाद अर्यालबाट प्राप्त जानकारी ।

[११] ऐजन ।

[१२] ऐजन ।

आरोह र अवरोहका साथ अघि बढेको पाइन्छ । अर्यालले हालसम्म निम्नानुसारका कृतिहरूको रचना र प्रकाशन गरिसकेका छन् :

क) **चाकरी** (२०३९) उपन्यास

ख) **अभिशाप** (२०४०) उपन्यास

ग) **असन्तुलन** (२०४३) उपन्यास

घ) **शीर्षक एक कृति अनेक** (२०६५) कवितासङ्ग्रह

## तेस्रो परिच्छेद
# रामप्रसाद अर्यालको व्यक्तित्व

## ३.१ पृष्ठभूमि

व्यक्तिले जीवनमा गरेका विभिन्न पक्षले उसको व्यक्तित्वको निर्माण गर्दछ । उसको शारीरिक गठनदेखि लिएर ऊभित्र निहित प्रतिभाहरूलाई व्यक्तित्वको रूपमा लिइन्छ । प्रत्येक व्यक्तिको व्यक्तित्व निर्माणमा वंशानुगत गुण, स्थानीय वातावरण, शिक्षा आदि जस्ता कुराले प्रभाव पार्दछन् । यसै अुनसार अर्यालका पनि विभिन्न व्यक्तित्व रहेको पाइन्छ ।

## ३.२ निजी व्यक्तित्व

रामप्रसाद अर्याल गहुँगोरो वर्ण, गोलो अनुहार र मझौलो कद भएका व्यक्तित्वका रूपमा देखिन्छन् । उनको केश र अनुहारमा उमेर अनुसारका परिवर्तनहरू प्रशस्त देखिन्छन् । उनको उचाइ पाँच फिट तीन इन्च छ । साधारण पोसाकमा देखिने उनी धेरैजसो सर्ट पेन्टमा रहेका देखिन्छन् ।

अर्याल हँसिला, शान्त, धैर्यशील र अध्ययनशील देखिन्छन् । स्पष्ट, मिजासिलो र सुमधुर आवाजमा बोल्ने हुनाले उनमा कठोरता पाइँदैन । उनी आफ्ना साथीभाइ, छरछिमेकी, आफन्त तथा आफूलाई चिन्ने जोकोहीसँग पनि मित्रवत् व्यवहार गर्दछन् ।

उनी दिनहुँ बिहान बेलुका पूजापाठ गर्दछन् तथा सत्य र शक्तिको उपाशनामा रम्न खोज्छन् । उनी अनुत्पादक कार्यमा समय खेर फाल्नु हुदैन भन्ने कुरामा जोड दिन्छन् । भौतिक उत्पादनका कुरा मात्र होइन, ध्यान, चिन्तन र मनन जस्ता अभ्यासबाट पनि शान्ति र सन्तुष्टि मिल्ने हुँदा यी पनि उत्पादकीय श्रोत हुन् भन्ने उनको मान्यता छ ।

बाल्यवस्थादेखि नै अतिसोझोपन भएका अर्याल युवावस्थामा पनि सोझो एवम् शान्त र गम्भीर थिए । यही सोझोपनले केही ठाउँमा यिनी ठगिएका पनि छन् । समाज सुधारका पक्षधर अर्याल समाजलाई प्रगतिपथतिर लम्केको हेर्न चाहन्छन् । त्यस्तै उनी नारीप्रति समताको दृष्टिभाव राख्दछन् ।

प्राकृतिक सुन्दरतामा रम्न चाहने अर्यालको जीवन एक क्षेत्रमा मात्र सीमित छैन । उनी साहित्यका विभिन्न क्षेत्रमा लागी कवि, उपन्यासकार र गीतकार बनिसकेका छन् । अर्याल एक सफल शिक्षक, विभिन्न सङ्घसंस्थामा जागिरे एवम् समाजसेवीका रूपमा परिचित छन् ।

## ३.३ साहित्यकार व्यक्तित्व

साहित्य लेखनमा लाग्ने व्यक्तित्वहरू जोकोही किन नहुन् देशप्रतिको प्रेम र भक्तिमा ती निरन्तर समर्पित भइरहेकै हुन्छन् भन्ने रामप्रसाद अर्यालले जीवन भोगाइको यस खुट्किलोसम्म आइपुग्दा आफ्नै प्रकारको विशिष्ट व्यक्तित्व कायम गरेका छन् । उनी मूलतः उपन्यासकार, कवि र गीतकार हुन् । अर्याल विशेष गरी साहित्यिक क्षेत्रमा उपन्यासकार, कवि तथा गीतकार व्यक्तित्व हुन् । उनका यिनै विविध साहित्यिक व्यक्तित्वलाई तल क्रमशः प्रस्तुत गरिन्छ ।

### ३.३.१ कवि व्यक्तित्व

बाल्यावस्थादेखि नै कविता लेखनतर्फ उत्साही बन्दै आएका अर्यालको पहिलो कविता २०२४ गाउँफर्क राष्ट्रिय अभियान विशेषाङ्क ‘अभियान’ नामक कविता सङ्ग्रहमा सूचना तथा संचार मन्त्रालय प्रसार विभाग व्यापारिक रेडियो सेवाको सहयोगबाट श्री रत्न रेकर्डिङ्ग संस्थानबाट प्रकाशित ‘गाउँलाई कोशेली’ नामक कविता हो । यसमा बालकृष्ण सम, पोषण पाण्डे, दौलतविक्रम विष्ट, भीमनिधि तिवारी आदि कविका पनि कविता छापिएका थिए । यसपछि विशेष गरेर यिनले प्रज्ञा प्रतिष्ठानको कविता सम्मेलनमा कविताहरू वाचन गरेका थिए । यसपछि उनी कविता विधाभन्दा उपन्यास विधातिर लागेको पाइन्छ ।

रामप्रसाद अर्यालले एकैचोटी २०६५ सालमा **शीर्षक एक कृति अनेक** (अन्तर्मुख नवीनतम प्रस्तुति ) नामक कवितासङ्ग्रह प्रकाशन गरेको पाइन्छ । यो कवितासङ्ग्रह त्रिआयामिक ढङ्गमा प्रस्तुत रहेको पाइन्छ । यसमा एकै कवितामा बौद्धिकताका तीन पक्ष समेटिएको छ । बौद्धिक स्तरका सामान्य, मध्यम स्तरीयता र गम्भीर प्रस्तुति जस्ता त्रिआयामिक लेखनको वैशिष्ट्य अर्यालले यस कवितामा प्रस्तुत गरेका छन् । यसमा विशेष गरी धार्मिक विचारको सघनता पाइन्छ ।

## ३.३.२ उपन्यासकार व्यक्तित्व

रामप्रसाद अर्यालको अन्य व्यक्तित्वभन्दा उपन्यासकार व्यक्तित्त्व बढी प्रगाढ रूपमा रहेको पाइन्छ । यसै हुनाले उनको अन्य व्यक्तित्वको तुलनामा उपन्यासकार व्यक्तित्व महत्त्वपूर्ण देखिन्छ । यिनले उपन्यास लेख्ने धेरै प्रयास गरे पनि २०३९ सालमा प्रकाशित **चाकरी** उपन्यास नै यिनको प्रथम प्रकाशित उपन्यास हो । त्यसपछि यिनको २०४० सालमा **अभिशाप** उपन्यास प्रकाशित भएको पाइन्छ । त्यस्तै यिनको २०४३ सालमा **असन्तुलन** उपन्यास प्रकाशित भएको पाइन्छ । त्यसपछि यिनको कुनै पनि उपन्यास प्रकाशित छैन तर लेखन कार्य भने निरन्तर रूपमा चलिरहेको पाइन्छ ।

**चाकरी** उपन्यासमा यिनले समाजमा रहेको चाकरी प्रथालाई प्रष्ट्याउने काम गरेका छन् । यिनी भन्छन् साहित्य लेखनमा लाग्ने व्यक्तिहरू जोकोही किन नहुन् देशप्रतिको प्रेम र भक्तिमा ती निरन्तर सपर्पित भइरहेकै हुन्छन् । देशमा विद्यमान विसङ्गति, अन्याय र अत्याचारले यिनीहरूलाई मर्माहत पारि नै रहेको हुन्छ । समग्रता र समताका यी पक्षपाती नै हुन्छन् । त्यसैले होला देशको कर्मचारीतन्त्रको पर्दाफास गर्ने जमर्को गर्दै शिष्ट कर्मचारीको पक्षमा वकालत गर्दै उपन्यासकार रामप्रसाद अर्याल **चाकरी** उपन्यास लेख्छन् र भ्रष्ट कर्मचारीको मनोवल गिराउने प्रयास गर्दछन् ।

यस्तै सामाजिक कुरीतिमा जकडिएको अन्धविश्वास वर्ग अझै पनि चेलीबेटीलाई एउटा वस्तुपरक तुल्य मानेर दान गर्छन् । त्यसको परिणाम जस्तोसुकै हुने भए तापनि आँखा चिम्लेर भाग्यको लेखा भन्न पछि पर्दैनन् । यस्ता कुकृत्यको पर्दाफास गर्नुका साथै सुन्दर रूप भएका महिलामाथि धेरै गिद्धे आँखा लगाई यौन प्यास मेट्न उद्यत भएको देख्दा अर्याल सरमले झुक्छन् । उनका अनुसार यस्तो प्रवृत्तिमाथि बन्देज लगाउन सक्दैनन् बरू पीडित नारीलाई नै हत्या गरी सन्तोषको सास फेर्छन् । ईश्वरले दिएको वरदानलाई समेत सम्हाल्न नसकी उल्टो अर्थ लगाउँछौं र बच्न खोज्छौं भन्ने जस्तो व्यङ्ग्य उनले **अभिशाप** उपन्यासमा प्रस्तुत गरेका छन् ।

यस्तै उनको २०४३ सालमा प्रकाशित **असन्तुलन** उपन्यास अलग्गै धारमा रहेको भेटिन्छ । संसारमा धेरै प्रवृत्तिका मान्छेहरू हुने गर्दछन् । देशप्रति प्रेम हुने एक किसिमले बाँच्ने गर्दछन् भने आफ्नो मात्र स्वार्थ हेर्ने तरिकाबाट एउटाको विचार अर्कोले स्विकार्दैन भने अर्काको भावनालाई झन् चर्को उपहास गर्न थाल्छ । यस्तै यस्तै छ संसार; जहाँ सन्तुलन हुन पाउँदैन त्यहाँ असन्तुलनको दमाहा ठटाइन्छ । त्यस्तै हाम्रो समाजमा अनगिन्ती विसङ्गतिहरू देखा परेका छन् ; सुधार्नु पर्ने धेरै छन् । मनोवल स्वच्छ

नभएसम्म कुनै पनि नागरिक आत्मसन्तुष्टि लिन सक्दैन भन्ने धारणा अर्यालको यस उपन्यासमा रहेको छ ।

निष्कर्षमा रामप्रसाद अर्यालका औपन्यासिक कृतिमा नेपाली समाजका सामाजिक कुरीति, प्रशासनिक चाकरी व्यवस्थाअन्तर्गतका अवस्थालाई प्रकाश पारिएको छ । उनका उपन्यासमा सामाजिक क्षेत्रका बालविवाह, आर्थिक अनियमितता, रूढिवादी परम्परा, अन्धविश्वास जस्ता कुरालाई प्रकाश पारिएको छ । यसैगरी प्रशासनिक क्षेत्रअन्तर्गत निम्न बेतनभोगी कर्मचारीको दुरवस्था, घरायसी समस्या, अव्यवस्थित कर्मचारीतन्त्र, पुस्तागत समस्यालाई पनि औपन्यासिक स्वरूप प्रदान गरिएको छ । संरचनात्मक दृष्टिले उपन्यासको सैद्धान्तिक ढाँचामा लिखित अर्यालका उपन्यासहरू आयामगत रूपमा पनि सुदृढ रहेका छन् ।

### ३.३.३ गीतकार व्यक्तित्व

रामप्रसाद अर्यालको गीतकार व्यक्तित्व पनि सार्वजनिक रूपमा देखिएको छ । यिनले २०६७ सालमा शिलाबहादुर मोक्तानको सङ्गीतमा आबद्ध र निर्माता सरीता न्यौपाने रहेको गीति एल्बम **रहर** सार्वजनिक गरेका छन् । यसका गीतहरूमा उनले प्रेम प्रणय, नेपाली प्रकृति एवम् दैनिक जनजीवनका अनुभूतिहरूलाई निजात्मक ढाँचामा प्रस्तुत गरेका छन् ।[१३] आधुनिक गीतको कित्तामा पर्ने यिनका गीति रचनाहरू सशक्त र प्रभावकारी रहेको पाइन्छ । यसर्थ सातवटा गीतहरू सङ्कलित गीति एल्बम **रहर** नै अर्यालको गीतकार व्यक्तित्वलाई प्रकाशित गर्ने एल्बम हो ।

## ३.४ साहित्येतर व्यक्तित्व

### ३.४.१ सामाजिक व्यक्तित्व

मानिस सामाजिक प्राणी भएको हुनाले ऊ स्वभावैले समाज सुधारतर्फ अभिमुख हुन्छ । काठमाडौं वालुवाटारको एक सामान्य परिवारमा जन्मेहुर्केका रामप्रसाद अर्याल विद्यार्थी हुँदादेखि नै सामाजिक सेवाप्रति समर्पित रहेका थिए । यिनले वि.सं. २०५२/५३ सालमा आफ्नो टोलमा एउटा निजी क्लबको निर्माण गरेर सामाजिक कार्य गरेका छन् । त्यस्तै उपभोक्ता समिति गठन गरेर ढल निर्माण, स्वास्थ्य केन्द्रको स्थापना, फोहर परिचालन तथा व्यवस्थापन जस्ता कार्य गरेर पनि यिनले सामाजिक सेवा गरेका छन् ।

---

[१३] शोधनायक रामप्रसाद अर्यालबाट प्राप्त जानकारी ।

यसरी यी विभिन्न कार्य गरेर सामाजिक कार्यमा कर्तव्य निर्वाह गरेका अर्यालको सामाजिक सेवाप्रतिको लगाव उल्लेखनीय रहेको पाइन्छ ।

### ३.४.२ जागिरे व्यक्तित्व

रामप्रसाद अर्यालले २०२२ सालमा एस्.एल्. सी. पास गरेर आई.ए. पढ्दादेखि नै विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थामा आबद्ध भई काम गरेका छन् । सुरुमा उनले शिक्षक भई काम गरे । अर्यालले शिवपुरी माध्यमिक विद्यालय महाराजगञ्जमा डेढ वर्ष विनापारिश्रमिक काम गरे । तत्पश्चात यिनले वि.सं. २०२९ र ३० सालतिर भानुभक्त मेमोरियल स्कुल, पानी पोखरीमा करिब पन्ध्र महिना जति पढाएको देखिन्छ । त्यसपछि सोही साल लोक सेवा आयोगको परीक्षा उत्तीर्ण गरी यिनले तत्कालीन श्री ५ को सरकार स्वास्थ्य मन्त्रालय अन्तर्गत स्वास्थ्य सेवा विभागमा नियुक्ति पाए र काम गर्न थाले । त्यसपछि २०२९ सालमा यो काम छोडी २०३० सालमा नेपाल औद्योगिक विकास कर्पोरेसनमा प्रवेश गरी हेटौंडामा कार्यरत रहेपछि २०३६ सालमा क्यानाडियन प्रोजेक्ट (ल्यान्ड रिसर्च म्यापिङ्ग प्रोजेक्ट मीनभवन) मा नियुक्ति पाई काम गर्न थाले । यस प्रोजेक्टमा ६ वर्ष काम गरी २०४२ सालदेखि उनी रिटायर्ड जीवन यापन गरिरहेका छन् । यसरी रामप्रसाद अर्यालको जागिरे व्यक्तित्व बहुआयामिक रहेको देखिन्छ ।

### ३.४.३ राजनैतिक व्यक्तित्व

रामप्रसाद अर्याल २०४२ सालदेखि नै नेपाली काँग्रेसको सक्रिय सदस्य भएर काम गर्न थालेका थिए । त्यसैबेला काठमाडौं वडा न.४ को इकाइ सचिव हुनुका साथै कार्यवाहक अध्यक्षसमेत बनेका थिए । उनले प्रजातान्त्रिक व्यवस्थामा प्रजातान्त्रिक मूल्य मान्यता हुन्छ भन्ने ठानेका थिए तर सो अनुसार काम हुन नसकेकाले यिनलाई पार्टीप्रति घृणा हुन थाल्यो । उनले आफूलाई प्रजातान्त्रिक ठाने पनि उनका पार्टीका सभापति तथा अन्य नेताहरूमा अप्रजातान्त्रिक स्वभाव भएकाले यिनलाई पार्टीप्रति नैराश्य भाव जागेर आयो । झन् २०५१ सालमा आफ्नो पार्टीको एकमाना सरकार हुँदा पनि आफ्ना पार्टीका सभापतिले सरकार विघटन गरी पुनः अर्को निर्वाचन गरेको देख्दा उनलाई पार्टीप्रति यति घृणा जाग्यो कि आफूलाई काँग्रेसी भन्न नै सरम लागेर पार्टी छाडिदिए ।

रामप्रसाद अर्याल वर्तमानमा कुनै पार्टीसँग पनि आबद्ध भएका देखिँदैनन् । यसरी उनी नेपाली काँग्रेसमा आबद्ध भए पनि त्यसभित्रको गलत प्रवृत्तिले निराश भएको पाइन्छ ।

## चौथो परिच्छेद

# रामप्रसाद अर्यालको कृतित्वको अध्ययन

रामप्रसाद अर्याल कविता विधाबाट नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनी वि.सं. २०२४ मा **गाउँ फर्क राष्ट्रिय अभियान विशेषाङ्क**मा 'गाउँलाई कोसेली' नामक कविता प्रकाशित गरी साहित्य क्षेत्रमा प्रवेश गरेका हुन् । यिनले पुनः **परिवार नियोजन** नामक पत्रिकामा वि.सं. २०३० मा 'जिउँदो मान्छे' कथा प्रकाशन गरेको देखिन्छ । अर्यालले २०३० सालतिर **पर्दा पछाडि** उपन्यास रचना गरे पनि त्यो प्रकाशित हुन सकेन । उनले खास गरी उपन्यास र कविता विधामा कलम चलाएका छन् । हालसम्म उनका **चाकरी** (२०३९), **अभिशाप** (२०४०) र **असन्तुलन** (२०४३) उपन्यासहरू प्रकाशित छन् । अर्यालले वि.सं. २०६५ मा **शीर्षक एक कृति अनेक** कवितासङ्ग्रहको पनि रचना गरेका छन् । यहाँ उनका प्रकाशित यिनै चारवटा कृतिको समय अनुक्रममा अध्ययन गरिएको छ ।

## ४.१ अर्यालका औपन्यासिक कृतिहरूको अध्ययन

उपन्यास तत्सम शब्द हो । 'अस' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'घञ्'(अ) प्रत्यय लागेर उपन्यास शब्दको निर्माण भएको हो । नजिक राख्नु भन्ने अर्थमा यो शब्दको प्रयोग भए पनि मानव जीवनको सम्पूर्ण पक्षलाई गद्य भाषाका माध्यमबाट कथात्मक तन्तुमा विन्यास गर्दै प्रस्तुत गर्ने विधाका रूपमा उपन्यास शब्दको प्रयोग भएको देखिन्छ । यस दृष्टिले पाश्चात्य साहित्यमा विकसित Novel सँग यसको निकट सम्बन्ध रहेको छ ।

उपन्यासमा मानव जीवनको समग्रताको प्रस्तुति रहन्छ । यसमा कथावस्तु प्रमुख रूपमा रहेको हुन्छ । कथावस्तुमा घट्न सक्ने घटनाको योजनाबद्ध ढाँचा कथानकका रूपमा आएको हुन्छ । यस्तो कथानक कार्यकारण शृङ्खलामा व्यवस्थित भएको हुन्छ ।[१४] उपन्यासमा कथावस्तुलाई गति दिन पात्रहरूको प्रयोग गरिन्छ । पात्रहरूले गर्ने कार्यव्यापारको खास स्थान र समय यसमा परिवेशका रूपमा रहन्छ । यो प्रथम वा तृतीय पुरुष दृष्टिविन्दुमा संरचित हुन्छ । उपन्यासले गद्य भाषाका माध्यममा खास उद्देश्यको प्रस्तुति गरेको हुन्छ । यी यावत् तत्त्व रहे पनि मानव जीवन नै उपन्यासको अस्मिता

[१४] कृष्णहरि बराल र नेत्र एटम, **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** , ते.सं. (ललितपुरः साझा प्रकाशन, २०६६) पृ. २० ।

बनेको हुन्छ । यसमा निजी अनुभूति सार्वजनिक रूपमा परका अनुभूतिहरू स्वका रूपमा आउँछन् । यसर्थ  उपन्यासमा व्यक्तिगत र सार्वजनिक दुवै जीवन आएको हुन्छ ।[१५] यसरी खास संरचनामा संरचित उपन्यासमा मानव जीवनका अनुभूतिहरूको कथात्मक प्रस्तुति रहेको देखिन्छ । जीवनको व्यापकता, चरित्रगत बहुलता, विविध विषयवस्तुको स्थापना आदिले उपन्यास कथाभन्दा भिन्न रहेको हुन्छ । प्रस्तुत शोधपत्रमा रामप्रसाद अर्यालका तीन वटा उपन्यासहरूलाई तत्त्वगत आधारमा समय अनुक्रममा निम्नानुसार विश्लेषण गरिन्छ :

## ४.१.२ 'चाकरी' उपन्यासको विश्लेषण

### ४.१.२.१ परिचय

**चाकरी** उपन्यास साझा प्रकाशन, ललितपुरबाट वि.सं. २०३९ मा पहिलो पटक प्रकाशित भएको हो । यसको दोस्रो संस्करण वि.सं. २०६२ मा आएको देखिन्छ । यस उपन्यासको दोस्रो संस्करणको आवरण चित्र टेकवीर मुखियाले तयार पारेका हुन् । यसको बाह्य भागको अग्रपृष्ठमा रहेको आवरणको माथि उपन्यासको शीर्षक रहेको छ । यहाँ आवरण चित्रमा एउटा ठूलो भुँडी भएको मानिसलाई पुष्प अर्पण गर्न चारजना मानिस लामबद्ध बनेका छन् । अर्को एउटा व्यक्ति नेपाली पोसाकमा देब्रे हातमा फायल बोकेर आफ्नो गन्तव्यतर्फ अगि बढिरहेको छ । यसबाट चाकरी प्रथामा लागेका मान्छेको वृद्धि र नेपाली समाजको चाप्लुसीको खेललाई प्रकट गरिएको बोध हुन्छ । यस आवरण चित्रको तल्लो भागमा लेखकको नाम रहेको देखिन्छ । साझा प्रकाशनको तर्फबाट प्रकाशकीय कथन लेखिएको यस उपन्यासमा कृतिको भूमिका लेखिएको पाइँदैन ।

### ४.१.२.२ कथावस्तु

**चाकरी** उपन्यास नेपालमा कर्मचारी सञ्जालभित्र हुने गरेका चाकरी र घुसखोरी वृत्तिलाई आधारित बनाएर लेखिएको छ । यसमा चाकरी गर्नेहरू दिनदिनै सम्पन्न बन्दै गइरहेको र पदोन्नति समेत भइरहेको तर सेवाप्रति निष्ठाभाव प्रकट गर्ने सोझा कर्मचारीहरूको परिवार भने आर्थिक अभावले ग्रस्त बनेको यथार्थलाई मार्मिक रूपमा प्रकट गरिएको छ ।

प्रस्तुत उपन्यासमा चाकरी नगरेका कारण सिर्जित महेशको जीवन र परिवारको व्यथालाई देखाइएको छ । महेश एक इमान्दार कर्मचारी हो । ऊ आफ्नी श्रीमती कमला,

[१५] राजेन्द्र सुवेदी **नेपाली उपन्यासः परम्परा र प्रवृत्ति,** दो. सं. (ललितपुर : साझा प्रंकाशन ,२०६४) पृ. १५ ।

छोरी कोपिला, र छोराहरू दिनेश र रमेशका साथ वीरगञ्जमा बस्छ । महेश एक सामान्य कार्यालयमा काम गर्छ । ऊ सेवाप्रति निष्ठावान बन्दछ । ऊ घुस खानु, चाकरी गर्नु जस्ता कार्यलाई घृणा गर्छ । श्रीमती कमला तथा साथी सुरेश र उसकी श्रीमती रीताले कति आग्रह गर्दा पनि ऊ घुस खान मान्दैन । यसै कारण उसको आर्थिक अवस्था जर्जर बनेको छ । यही अभावले उसले आफ्ना सन्तानलाई शिक्षा दिन नसकेर मावलीघरमा राखेको छ । ऊ बिरामी हुँदा उपचार गर्न नसकेर रिक्सावाला धनबहादुरका सहयोगमा अस्पताल भर्ना हुन्छ ।

सरकारी जागिर खाएर पनि सेवाप्रति इमान्दार रहने महेशको आर्थिक अवस्था समस्याग्रस्त भए पनि उसका दुवै छोरा पढाइमा जेहेनदार हुन्छन् । मावलीमा मामामाइजूबाट अपहेलित र तिरस्कृत भए पनि हजुरबुबा र हजुरआमाको सहयोगले उनीहरू आफ्नो अध्ययनलाई निरन्तरता दिन्छन् । महेशको जेठो छोरो दिनेश प्रवेशिका परीक्षामा प्रथम श्रेणीमा सर्वप्रथम भई उत्तीर्ण हुन्छ । यस कारण उसले पाँच वर्षका लागि जापानमा डक्टरी कोर्स पढ्ने छात्रवृत्ति प्राप्त गर्दछ । जापान जानुभन्दा अघि नै उसले बबिता नामकी केटीसँग प्रेम सम्बन्ध राखेको हुन्छ । यता महेशको कान्छो छोरो रमेशले प्रवेशिका परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गर्छ र काठमाडौंमा नै कमर्स पढ्न थाल्छ । उसको पढाइ सरल तरिकाले अघि बढ्न सक्दैन । घरको आर्थिक अवस्था अत्यन्तै कमजोर भएकाले उसले मावलीबाट अध्ययनको खर्च जुटाउनु पर्ने हुन्छ । यसरी विविध समस्यासँग जुध्दै भए पनि उसले आफ्नो पढाइलाई अघि बढाइरहन्छ । रमेशले जसोतसो आई. कम. त पास गर्छ तर मामामाइजूले सिक्री चोरेको आरोप लगाएर उसलाई घरबाट निकालिदिन्छन् । यसभन्दा अघि पनि उसले माइजूका धेरै अभद्र व्यवहारलाई अश्रुपूर्ण बनेर सहेको हुन्छ । मावलबाट निकालिएपछि रमेशको अवस्था अत्यन्त दयनीय बन्दछ । ऊ जागिरका लागि धेरैतिर भौंतारिन्छ तर कतै जागिर पाउन सक्दैन । अन्त्यमा उसले पत्रिका बेच्ने हकरको काम गरेर आफ्नो गुजारा चलाउँछ ।

दिनेश जापानबाट फर्केर आउँछ । यस बेला दुई दाजुभाइ र बबिताको भेट हुन्छ । महेश वीरगञ्जमा बिरामी हुन्छ । छोराहरूसँगको अन्तिम भेटपछि उसको मृत्यु हुन्छ । यसपछि उनीहरू वीरगञ्ज छाडेर घरतर्फका हजुरबुवा र हजुरआमाका साथ काठमाडौंमा बस्न थाल्छन् । दिनेशले प्राइभेट क्लिनिक खोल्दछ । यसमा उसकी प्रेमिका बबिताले सहयोग गर्दछे । एकदिन अफिसमा बसिरहेका बेला हावाले गोरखापत्रको पानालाई फरर पल्टाउँछ । यसमा उसमा बाबुको मृत्युका बारेमा तिनै घुसखोरी र चाकरी चरित्रका कर्मचारीहरूले प्रकट गरेको खोक्रो समवेदना लिपिबद्ध गरिएको हुन्छ । चाकरी वृत्तिमा

लागेका सुरेश आदि कर्मचारीको आर्थिक उन्नति प्रशस्तै भएको हुन्छ । उनीहरू महेशलाई बाँचुन्जेल राम्रो दृष्टिले हेर्दैनन् । उसको मृत्यु भएपछि इमान्दार कर्मचारीका नाममा महेशको चरित्रलाई लिँदै व्यक्त गरिएको त्यस समवेदनाले अव्यक्त बनेर उनीहरूका खराब आचरणलाई धिक्कारिरहेको हुन्छ । यहीँबाट यस उपन्यासको कथावस्तु अन्त्य हुन्छ ।

प्रस्तुत **चाकरी** उपन्यासको कथानकमा महेशको पारिवारिक दुरवस्थादेखि दिनेशको जापान गमनसम्मका घटनाहरू आदि भागमा पर्दछन् । रमेशको पढाइमा असुविधा, मावलीको दुराचार, महेशको आर्थिक अभावका समस्या आदि घटना यसको मध्य भागमा देखा पर्दछन् । यसै गरी दिनेश स्वदेश फर्कनु, क्लिनिक खोल्नु, बाबुको मृत्यु हुनु, घुसखोरी कर्मचारीले समवेदना प्रकट गर्नु जस्ता घटना उपन्यासको अन्त्य भागमा समाविष्ट रहेका छन् । यस उपन्यासमा कार्यालयको चाकरी प्रथा र चाप्लुसी गर्ने कर्मचारीसँग महेशको आन्तरिक द्वन्द्व रहेको देखिन्छ । महेश र निम्नवर्गीय कर्मचारीलाई बेवास्ता गर्ने सामाजिक स्थितिबिच पनि द्वन्द्व रहेको देखिन्छ । रमेशलाई मामा माइजूले गरेको गालीगलौजका कारण उनीहरूबिच पनि द्वन्द्व रहेको देखिन्छ । यसमा महेशको पारिवारिक समस्या कसरी टर्ला, दिनेशले जापानबाट फर्केर कस्तो सहयोग गर्ला , मावलबाट निकालिएको रमेशको कस्तो अवस्था होला जस्ता कौतूहल पनि रहेको पाइन्छ ।

यस उपन्यासको कथावस्तुमा मुख्य गरी महेशको जीवन अवस्था, आर्थिक अभाव, पारिवारिक दुरवस्था, सेवाप्रति निष्ठाभाव जस्ता कुरालाई प्रकट गरिएको छ । अर्कातर्फ यसमा सुरेश, रिता, हाकिम र प्रसङ्गवश आएका अन्य कर्मचारीहरू घुसखोरी र चाकरी वृत्तिले धनी तथा उच्च पदस्थ बनेको यथार्थ घटनालई समेत देखाइएको छ । यसर्थ यसको कथावस्तुको स्रोत नेपाली समाज रहेको देखिन्छ ।

### ४.१.२.३ चरित्रचित्रण

प्रस्तुत **चाकरी** उपन्यासमा समाजका विभिन्न पेसा र वर्गका पात्रको प्रयोग भएको देखिन्छ । यसमा महेशको दयनीय अवस्थालाई देखाउँदै कर्मचारी संयन्त्रमा देखा परेका भ्रष्ट नीति र चाकरी वृत्तिलाई उजागर गर्ने प्रयास गरिएको छ । यहाँ कर्मचारी बाहेक अन्य पक्षका पात्रहरू पनि रहेका छन् । यसमा रहेका पात्रहरूलाई निम्नानुसार चित्रण गर्न सकिन्छ :

**क) महेश**

महेश यस उपन्यासमा केन्द्रीय बद्ध चरित्रका रूपमा देखा पर्छ । ऊ निम्नवर्गीय कर्मचारी हो । कार्यालयमा हुने गरेको भ्रष्टाचार र चाकरी वृत्तिबाट ऊ सँधै टाढा रहन्छ । उसका स्टाफहरूले भ्रष्टाचार गरेर सम्पत्ति कमाएकामा उसले असन्तुष्टि व्यक्त गरेको छ । साथी सुरेश र पत्नी कमलाले उसलाई घुस खाई सम्पन्न बन्न सल्लाह दिए पनि ऊ त्यसलाई अस्वीकार गर्दछ । सोभ्को र इमान्दार महेश आफ्नै परिश्रमको कमाइमा रमाउने पात्र हो । उसले भ्रष्टाचार नगरेकै कारण आर्थिक अभावको भयावहतालाई स्विकार्नु परेको छ । यति भए पनि उसका छोराहरूले उच्च शिक्षा हासिल गरेर बाबुको सपना साकार पारेका छन् । सेवाप्रति बफादार रहने ऊ सबैको भलो चिताउने पात्र हो । उपन्यासको दृष्टिबिन्दु पात्र पनि महेश नै रहेको छ । ऊ उपन्यासको अभीष्ट रहनाले र आद्योपान्त एउटै चरित्रको देखिनाले अनुकूल र गतिहीन पात्र हो । भ्रष्ट हाकिमको आलोचना गर्ने महेश मृत्युको मुखमा पर्दा पाठकको सहानुभूतिको केन्द्र बन्न पुग्दछ । ऊ निम्नवर्गीय कर्मचारीको प्रतिनिधि बनेर उपन्यासमा आएको छ ।

### ख) सुरेश

सुरेश महेशसँगै कार्यालयमा काम गर्ने पात्र हो । उसको व्यवहार महेशको भन्दा भिन्न देखिन्छ । कार्यालयमा ऊ चाकरी वृत्तिले गर्दा आफ्नो सान बढेकामा गौरव गर्दछ । घुसखोरी र भ्रष्टाचारी व्यवहारका कारण उसले आफ्नो आर्थिक अवस्था बलियो बनाएको छ । ऊ बारम्बार महेशलाई भ्रष्टाचार गर्न आग्रह गर्दछ तर असफल बन्दछ । उसले चाकरीबाट पदोन्नति भएका विभिन्न कर्मचारीहरूको मालामालको घटना समेत प्रस्तुत गरेको छ । आफ्नै प्राइभेट गाडी लिएर हिँड्ने सुरेश घुसखोरी, भ्रष्टाचारी र चाकरी वृत्तिमा संलग्न कर्मचारीको प्रतिनिधि पात्र हो । उसले महेशलाई समेत दुष्कार्यमा धकेल्ने प्रयास गरेकाले प्रतिकूल चरित्रको आचरण गरेको छ । सुरेश बद्ध, गतिहीन र प्रतिकूल चरित्रका रूपमा यहाँ आएको छ ।

### ग) दिनेश-रमेश

दिनेश र रमेश महेशका छोरा हुन् । घरको आर्थिक अभावका कारण उनीहरू मावलीघर काठमाडौंमा बसेर अध्ययन गर्दछन् । प्रवेशिका परीक्षामा सर्वोत्कृष्ट हुने दिनेशले जापानमा पढ्ने छात्रवृत्ति पाउनुले उसको लगनशील र परिश्रमी व्यक्तित्वलाई प्रकाश पारेको छ । बबितासँग प्रेम गर्ने दिनेश आधुनिक सभ्यताको पक्षमा देखिन्छ । ऊ आफ्नो पारिवारिक समस्याप्रति गम्भीर देखिन्छ । प्राइभेट क्लिनिक खोलेर उसले आफ्नो

परिवारका सदस्यलाई प्रशस्त सहयोग गरेको छ । रमेश अत्यन्त सोझो र इमान्दार चरित्र हो । उसले माइजूका आरोपको प्रतिवाद नगरी सहेको छ । मावलीबाट निष्काशित रमेश धेरै सङ्घर्षका साथ जीवनयापन गर्दछ । उसले सङ्घर्षबाट नै आफ्नो लक्ष्य पुरा गरेको छ । यी दुई दाजुभाइ विद्यार्थी भए पनि गरिबीका कारण धैर्यसाथ लक्ष्यमा पुग्ने जेहेनदार युवा हुन् । यी दुई चरित्र आर्थिक अभावका कारण पीडित कर्मचारीका सन्तानको दुरवस्थालाई प्रकट गर्न उपन्यासमा प्रयुक्त भएका छन् । यिनीहरूको सङ्घर्षपूर्ण स्थितिले महेशकै जीवन व्यथालाई प्रकट गर्न सहयोग पुऱ्याएको देखिन्छ । यिनीहरू सहायक, बद्ध, मञ्चीय र अनुकूल चरित्रका रूपमा आएका पात्र हुन् ।

यसबाहेक प्रस्तुत उपन्यासमा कमला पतिको सहयोग गरे पनि भ्रष्ट वृत्तिमा संलग्न रहन आग्रह गर्ने केही खराब र केही सही चरित्र भएकी पात्र हो । रीता पतिको भ्रष्टाचार र सम्पत्तिले मात्तिएकी प्रतिकूल चरित्रकी पात्र हो । मामामाइजू सहरी सभ्यताको खराबीलाई प्रदर्शन गर्न आएका बेइमानी पात्र हुन् । रिक्सावाल गरिब भए पनि मानवताले सम्पन्न पात्र हो । यसमा हजुरबुबा, हजुरआमा, सुलोचना, बबिता आदि गौण पात्र पनि आएका छन् ।

### ४.१.२.४ परिवेश

प्रस्तुत **चाकरी** उपन्यास नेपाली समाजमा विद्यमान आर्थिक अभावलाई प्रकट गर्न संरचित देखिन्छ । यसमा कर्मचारीतन्त्रमा देखा परेको चाकरी वृत्ति र त्यसको फाइदा बेफाइदालाई कलात्मक रूपमा प्रकट गरेको देखिन्छ । यस सन्दर्भमा उपन्यासको एक चतुर्थांश भाग वीरगञ्जको स्थानगत परिवेशमा संरचित देखिन्छ भने अन्य भाग काठमाडौंको परिवेशमा संरचित देखिन्छ । वीरगञ्जको सामान्य कार्यालय, आर्थिक अवस्थाले विपन्न महेशको परिवार, भ्रष्ट नीतिले सम्पन्न बनेको सुरेशको परिवार होटल, फिल्म हल, बजारका बाटाहरू जस्ता स्थान दृश्यात्मक, साङ्केतिक र वर्णनात्मक रूपमा यहाँ आएका छन् । काठमाडौंको सहरी वातावरण, त्यहाँका पुँजीपतिका दुर्व्यवहार, गरिबदुःखीको कष्ट जीवन भोगाइ, सहपाठी साथीहरूको सहयोगी भावना जस्ता परिवेशगत मनोभावनाहरूलाई यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

यस उपन्यासमा समयको किटान गरिएको देखिँदैन । यसमा लगभग सात वर्षको घटनालाई प्रकट गरिएको छ । यस सन्दर्भमा नेपालमा विकृतिग्रस्त बन्दै गएको चाकरी प्रथा, भ्रष्टाचारी नीति, घुसखोरी प्रवृत्ति, चाप्लुसी गर्नेहरूको पदोन्नति तथा सोझा र इमान्दार कर्मचारीहरूको दुरवस्था जस्ता तत्कालीन यथार्थलाई यहाँ प्रकट गरिएको छ ।

यस कारण उपन्यासको कालगत परिवेश नेपालको फितलो र अनुत्तरदायी कर्मचारी संयन्त्रले बढावा पाएको समकालीन समय नै हो भन्ने मान्न सकिन्छ ।

### ४.१.२.५ दृष्टिबिन्दु

**चाकरी** उपन्यासमा उपन्यासकारले साझो कर्मचारी महेशको अभावले ग्रस्त पारिवारिक अवस्थालई रुचिपूर्ण तरिकाले प्रस्तुत गरेका छन् । यसमा लेखकले आफू उपन्यासभन्दा बाहिर बसी सम्पूर्ण पात्रहरूका अन्तर्बाह्य स्थितिलाई चित्राङ्कन गर्ने प्रविधि अवलम्बन गरेका छन् । यस सन्दर्भमा लेखकको दृष्टिकोण महेशको जीवनावस्थाप्रति बढी केन्द्रित देखा पर्छ । यसैलाई उजागर गर्न लेखक महेशको परिवारका अन्य सदस्यहरूलाई चर्चा गरिरहन्छन् । वर्णनका क्रममा उनले राम्रा नराम्रा, सोझा, कपटी, बृद्ध, युवा, विद्यार्थी, पेसादार, गृहिणी, मजदुर जस्ता विभिन्न पात्रहरूलाई उभ्याएका छन् । यसरी प्रस्तुत उपन्यासको दृष्टिबिन्दु बाह्य वा तृतीय पुरुष  देखा पर्छ । उपन्यासको कथानकले महेशलाई केन्द्रविन्दुमा राख्न खोजे पनि दृष्टिबिन्दुका सन्दर्भमा लेखक महेशमा मात्र केन्द्रित हुन सकेका छैनन् । यसर्थ यस उपन्यासमा बाह्य अन्तर्गतको सर्वदर्शी दृष्टिबिन्दु रहेको छ ।

### ४.१.२.६ उद्देश्य

प्रस्तत् **चाकरी** उपन्यासले नेपाली समाजमा देखा परेका कर्मचारी तन्त्रका वृत्तिहरू र तिनले पुस्तागत रूपमा पार्ने असरलाई यथार्थ रूपमा प्रकट गरिएको छ । यस सन्दर्भमा महेशलाई सोझो, इमानदार र सेवाप्रति बफादार कर्मचारीका रूपमा स्थापना गरिएको छ । उसको आर्थिक दुरवस्था देखाई इमान्दार व्यक्तिको जटिल स्थितिलाई यहाँ सङ्केत गरिएको छ । समाजमा रहेका भ्रष्ट आचरणयुक्त व्यक्तिहरू दिनानुदिन सम्पन्न बन्दै गइरहेका छन् । उनीहरू हाकिम र मेनेजरका चाकरी र चाप्लुसीमा लागि परेकाले पदोन्नति समेत प्राप्त गरिरहेका छन् । देशमा विद्यमान चाकरी वृत्तिलाई यथार्थ रूपमा यहाँ व्यक्त गरिएको छ । यस दृष्टिकोणले उपन्यास सफल बन्न पुगेको छ । सोझो, इमान्दार र कर्तव्यनिष्ठ महेश जस्ता व्यक्तिहरू आर्थिक रूपमा नाङ्गेझार बनेर समाजमा अभावग्रस्त जीवन बाँचिरहेछन् । सोझो व्यक्तिको मूल्याङ्कन उनीहरूको जीवन अवधिभर नभई देखावटीका रूपमा मृत्यु पश्चात् हुने गर्दछ । यसरी समाजमा निहित देखावटी र विकृतिहरूप्रति व्यङ्ग्य गर्न प्रस्तुत उपन्यास सफल देखिन्छ । यसबाहेक सहरी वातावरणको कोलाहल, सहरियाहरूको दुर्व्यवहार, अभावग्रस्त विद्यार्थीको स्थितिलाई पनि उपन्यासले कलात्मक रूपमा प्रकट गरेको छ । यति हुँदाहुँदै पनि सोझा र इमान्दार निम्न

वर्गीय कर्मचारीहरूको आर्थिक अभावले ग्रस्त स्थितिप्रति सहानुभूति प्रकट गर्दै चाकरी वृत्तिको भण्डाफोर गर्नु यस उपन्यासको मूल उद्देश्य रहेको छ।

### ४.१.२.७ संरचना

वि.सं. २०६२ मा प्रकाशित भए अनुसार प्रस्तुत **चाकरी** उपन्यास ११२ पृष्ठमा संरचित देखिन्छ । यसमा अङ्कसहितका १५ भाग देखिन्छन् । यीमध्ये तीन र आठ भाग सबभन्दा लामा ११ पृष्ठका र दुई, पाँच र पन्ध्र भाग सबभन्दा छोटा पाँच पृष्ठका रहेका छन् । कथावस्तुको सुगठित आयामले यसको आन्तरिक संरचना पनि दृढ रहेको छ । लघु आकारमा संरचित प्रस्तुत उपन्यास संरचनात्मक रूपले सुगठित र परिपूर्ण देखिन्छ । चाकरीको दुराचार र यसबाट सिर्जित समस्यालाई प्रस्तुत गर्न उपन्यासको शीर्षक पनि सार्थक रहेको छ ।

### ४.१.२.८ भाषाशैली

प्रस्तुत **चाकरी** उपन्यास सामाजिक यथार्थको धरातलमा संरचित देखिन्छ । यस दृष्टिकोणले उपन्यासमा प्रयुक्त भाषा पनि सरल र स्वाभाविक रहेको छ । यसमा शिक्षित र मानसिक रूपले सम्पन्न तर आर्थिक रूपमा कमजोर तथा उच्च शिक्षा हासिल गरेका विद्यार्थीहरू र कार्यालयीय कर्मचारीहरूले आ-आफ्नै वर्ग र स्थिति अनुसारको भाषा प्रयोग गरेको देखिन्छ । तत्सम, तद्भव शब्दहरूको आधिक्य रहे पनि यस उपन्यासमा प्लिज, अर्डर फिल, क्वाटर, कम्पाउन्ड, अफिस आदि जस्ता अङ्ग्रेजी आगन्तुक र इसारा, सबाल, प्यार किया तो डरना क्या आदि जस्ता अरबी फारसी मूलका पद र वाक्यांशको प्रयोग भएको पाइन्छ । 'ताक परे तिवारी नत्र गोतामे' जस्ता उखानले उपन्यासको भाषालाई जीवन्तता प्रदान गरेको देखिन्छ । यसमा वर्णात्मक शैलीको प्रयोग हुँदा हुँदै पनि पात्रको नाम र उसको संवादलाई क्रमिक रूपमा प्रकट गर्नाले नाटकीय शैलीको पनि प्रयोग भएको देखिन्छ । सरल वाक्यको आधिक्य रहेको यस उपन्यासमा संयुक्त वाक्यको पनि प्रयोग पाइन्छ ।

### ४.१.२.९ निष्कर्ष

उपन्यासकार रामप्रसाद अर्यालले **चाकरी** (२०३९) उपन्यासमा नेपाली समाजमा घटित यथार्थ घटनालाई रोचक तरिकाले प्रस्तुत गरेका छन् । यसमा सोझा र इमान्दारको दुःखपूर्ण स्थिति र चाकरी र चाप्लुसी गर्नेहरूको पदोन्नति एवम् आर्थिक मालामाल हुने व्यक्तिक्रमिक यथार्थलाई प्रस्तुत गरिएको छ । वीरगञ्ज र काठमाडौंको

परिवेशमा संरचित यस उपन्यासमा कर्मचारी, हाकिम, विद्यार्थी, पुँजीपति, गरिब, बृद्ध, युवा जस्ता विविध वर्ग र पेसाका पात्रहरूको प्रयोग गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित ११२ पृष्ठको यस उपन्यासमा १५ भाग रहेका छन् । सरल र स्वाभाविक भाषाशैलीको प्रयोग भएको यस उपन्यासले सामाजिक यथार्थवादी धाराको वैचारिक लगामलाई पक्रेर संरचनात्मक परिपूर्णता प्राप्त गरेको सङ्केत मिल्दछ ।

## ४.१.३ 'अभिशाप' उपन्यासको विश्लेषण

### ४.१.३.१ परिचय

प्रस्तुत **अभिशाप** उपन्यास रामप्रसाद अर्यालको दोस्रो रचनाका रूपमा रहेको छ । यो उपन्यास वि.सं. २०४० मा प्रकाशित भएको हो । यसको प्रकाशन लेखक स्वयम्ले गरेका छन् । यस पुस्तकको अग्र पृष्ठमा माथि उपन्यासको शीर्षक लेखिएको छ । यसभन्दा मुनि राम्री युवतीको चित्र छ र त्यसै चित्रको सम्मुख प्रतिविम्ब झैं बनेर अर्को कुरूप तस्बिर रहेको छ । यसबाट सौन्दर्यको अभिशाप वा रूपको अभिशाप भन्ने अर्थ व्यञ्जित हुन्छ । यसको केही तल लेखकको नाम दिइएको छ । सामाजिक उपन्यास मानिएको यस कृतिमा कसैले भूमिका लेखेको पाइँदैन । लेखकले 'दुई शब्द' शीर्षकमा आफ्नो भनाइ व्यक्त गरेका छन् ।

### ४.३.१.२ कथावस्तु

कमल र सानु मैयाको बाल्यकालवाट यस उपन्यासको कथावस्तु प्रारम्भ भएको छ । उनीहरूको साथी धने सानुमैया र कमललाई बिहे खेलमा दुलाहा दुलही बनाएर खेलको मजा लिन्छ । कमल सानुमैयासँग खेलेको, जग्गेमा बोकेको कुरा आमालाई सुनाउँछ । आमाछोराको कुराकानीबाट सानुमैयाको राम्रो रूप, कमलले उसलाई गर्ने बालसुलभ माया प्रकट हुन्छ । त्रिशुलीबाट केही टाढाको त्यस गाउँको धनी व्यक्तिको छोरो हो कमल । सानुमैयाका बाबु र आमा (जेठा बाजे र जेठी बजै)ले उसलाई खेल्दै गरेका बेला उसको घर लिएर जान्छन् । उनीहरू कमलका बाबुआमा (जमिनदार जमिनदार्नी) सँग छोरी सानुमैयाको बिहे गर्न पैसा माग्छन् । सानो उमेरमा विवाह नगर्न आग्रह गर्दा पनि मुक्ति पाउने आशाले जेठा बाजे कलिली छोरीको बिहे गरिदिन तयार हुन्छन् ।

राम्ररी नचिनेको मान्छेसँग सात वर्षकी सानुमैयाको विवाह सम्पन्न हुन्छ । कमल उसको नाम पुकार्दै पोइको साथ घर गएकी सानुमैयाको पछि लाग्दछ । उसलाई धेरै फकाएर आफ्नी आमाले सम्झाइ बुझाइ गर्छिन् । कमल रुन्चे बन्दछ । जमिनदारले आफ्नो छोरो कमललाई पढाउनका लागि झिलटुङ्बाट काठमाडौं लान्छन् । कमलकी आमा पुत्रको वियोगले पीडित बन्दछिन् ।

समयको लामो अन्तरालपछि त्रिचन्द्र क्याम्पसका ठिटाठिटीमा रमाइलो चहलपहल देखिन्छ । क्याम्पसका साथीहरू कमल, कविता आदि बैंसमा पाइला टेकेर  पारस्परिक आकर्षणमा लट्ठ बन्दछन् । कविताले कविसँग किताब माग्दा उसको मिठो स्वर सुनेर कमल कविताप्रति आकर्षित बन्दछ । कमल कविताको रूप हेर्नकै लागि कविसँग लामो बाटो हिँड्न तयार हुन्छ । कमल कवितालाई चिया खानका लागि अनुरोध गर्दछ । कविताले अस्वीकार गर्दा गर्दै पनि कविका आग्रहमा उनीहरू रेस्टुरेन्टमा पस्छन् । कमल रुमाल खसाएर निहुँ पार्दै कविताको तिघ्रा समाउँछ । यसबाट काविता क्रुद्ध हुँदै बाहिरिन्छे ।

कविताको दाजु भोजराज सागपात र खाद्यान्न सामानको पसल सञ्चालन गर्छ । ऊ आफूले नपढे पनि आमाको सल्लाह अनुसार बहिनीलाई सकेसम्म पढाउन चाहन्छ । कविता पत्रिका बोकेर कविको कोठामा जान्छे । कविकी श्रीमती र छोरो दुवै सङ्कटाको दर्शन गर्न गएका हुन्छन् । कवितालाई कविले सिर्जनात्मक तरिकाले जिस्काउँछ । ऊ कविताका अघि आदर्श प्रेम देखाएर रुन पनि पछि पर्दैन । आफ्नो रूप, अन्य व्यक्तिको आकर्षण आदिले कविता आफैमा सोचमग्न हुन्छे । आफ्नो रूपका पछाडि अरू व्यक्ति लागेकामा ऊ आक्रोशित बन्दछे । आफ्नो घरको झ्यालबाट कविको घरमा कमललाई देख्दा कविता लज्जित बन्दछे । कमलले आफ्नो बाइकमा चढ्न कवितालाई आग्रह गर्दा उसले नमानेपछि कमल आक्रोशित बन्दछ । ऊ कुनै दिन कवितालाई फँसाउने दाउमा लाग्छ । विवाहित कविले आफूप्रति प्रेम गरेको कुरा सुन्दा कविता पीडित बन्दछे ।

एक दिन कविताले कविको कोठामा कमल जमिनदारको छोरो हो भन्ने सुन्छे । यसपछि कविता आफ्नो  बालसखा पाएको भन्दै उसप्रति अनुरक्त बन्दछे । कमललाई यसरी चिनेपछि कविता कविप्रति हेय दृष्टिकोण राख्न थाल्छे । भोजराजले आमाका आग्रहमा विवाह गर्ने निर्णय गर्छ । कमल र कविताका बिच घनिष्ठ सम्बन्ध स्थापित हुन्छ । उनीहरू परस्परमा प्रेम गर्दछन् । कमल एकान्त ठाउँमा घुम्ने आग्रह गर्छ तर कविता डराइडराइ लजाइलजाइ स्वीकार गर्छे । कामातुर कमल कवितालाई अँगाल्न पुग्दछ । कविले पनि यो दृश्य देख्छ । आफूसँग नबोले पनि कविले कमलको खराब आचरणबारे

कवितालाई सचेत तुल्याउँछ तर कविताले वास्ता गर्दिन । भोजराजको विवाह हुन्छ । कविता भाउजूसँग मिल्न सक्दिन । एकदिन कमल कविताको घरमा जान्छ । घरमा उसको परिचय कविताले आफै दिन्छे । कविताले झिल्टुङको जमिनदारको छोरो कमल भनेपछि सबै चकित हुन्छन् । कमललाई  सानुमैयाको वैवाहिक जीवनको पीडा, श्रीमान्को मृत्यु, सासूको दुर्व्यवहार आदिबारे सुनाउँदा कमल नाटकीय पाराले बुझेको ठान्दछ । कविता बाल विधवा बनेको, बाबु मरेको र काठमाडौंमा दिदीको घरमा उनीहरूले बसोबास गरेको घटना कमललाई सुनाइन्छ । वास्तवमा कविता सानुमैया हो भन्ने थाहा हुन्छ । कमललाई चिनेपछि उनीहरूलाई निर्बाध प्रेम गर्ने वातावरण मिल्दछ । यो सारा कुरा कविले पनि सुनेको हुन्छ ।

बुबाआमा आएको नाटक गरेर कमल कवितालाई लिएर साथीको कोठामा जान्छ । बालाजुको एकान्तमा कमल कविको कपडा खोल्न थाल्छ । कविता भाग्न खोज्छे । कवितालाई समाउने हुँदा ऊ लड्छ र घाइते हुन्छ । एउटा इन्जिनियरले कमललाई सहयोग गर्छ । कमल हस्पिटलमा भर्ना हुन्छ । कविता उसलाई दैनिक भेटिरहन्छे । कविले पुनः कमलका दुराचारबारे कवितालाई सचेत तुल्याउँछ तर कविता बेवास्ता गर्छे । कवि र उसकी श्रीमतीबिच कमल र कविताको बिहेको चर्चा चल्छ । उनीहरूबिच कमलले धेरै केटीलाई बदनाम गरेको घटनाका बारेमा पनि चर्चा चल्छ । कमल आफ्नो कोठामा सावित्री नाम गरेकी अर्को केटीसँग बिहे गर्ने नाटकमा यौन दुराचार गर्दछ । बिहे गर्ने कर गरेपछि ऊ सावित्रीको कोठा छाडेर अन्यत्र डेरा सर्न खोज्छ । ऊ कविताको घरमा डेरा बस्न खोज्छ । उता घरमा कविताको बिहे गरिदिने कुरा चल्छ । कमलले कवितालाई बिहे गर्न ढिला गरेका प्रति सबै चिन्तित बन्दछन् तर कविता आश्वस्त बन्दछे । कमल कवितालाई होटेलतिर बस्ने आग्रह गर्दछ तर ऊ स्वीकार गर्दिन । ऊ यौनाचार गरेर मजा लुट्ने दाउमा मात्र लागेको कुरा कवितालाई पत्तै हुँदैन ।

कमलका बाबुआमाले उसको दुष्कार्य थाहा पाएर गाली गर्दछन् । त्यति भए पनि उसको व्यवहारमा सुधार आउँदैन । विधवासँग नलाग्ने बुबाआमाको आग्रह लत्याएर कमल कविताको रूपप्रति आकर्षित भई नै रहन्छ ।  कमल दुई वर्षसम्म बिहे गर्छु भन्ने नाटक गरेर कावतासँग रमाउँछ । कमलले कवितालाई बिहेका लागि पण्डित खोज्ने निहुँ पारी नगरकोट लैजान्छ र यौनाचार गर्ने दुष्प्रयास गर्छ । त्यहाँ पहिले बालाजुमा भेट भएको इन्जिनियर देखे पछि उसको ब्यागमा बाहिरैबाट कविताले बाल्यकालको साथी कमलसँग खिचिएको आफ्नो फोटो देख्छे । यसपछि उसले अहिलेको कमल छद्म चरित्रले आफूसँग खेलबाड गर्न लागेको बुझ्छे । उसलाई कविको सचेतताको याद आउँछ र

बिरामी भएको नाटक गरी इन्जिनियरलाई पनि साथै लिएर काठमाडौं आउँछे । बिरेबाट इन्जिनियरको वृत्तान्त थाहा पाएर कविता पश्चात्तापमा पर्छे ।

यता काठमाडौंमा कमलले यौन दुराचार गरेका राधिका, सावित्री जस्ता केटीहरू उसलाई गाली गर्न थाल्छन् । कविता वास्तविक उसले चाहेको कमल (इन्जिनियार)लाई लिएर घरमा जान्छे कविता आफूलाई बाल्यकालकै सानुमैया भन्न रुचाउँछे । कमल (इन्जिनियर) र सानुमैया (कविता)को विवाह सम्पन्न हुन्छ । रूपमा अत्यन्त सुन्दरी सानुमैयाप्रति कमल असीम प्रेम गर्छ । पार्टीमा मि. ह्वाइटले सानुमैयाको रूपप्रति खेलबाड गर्न खोज्छ तर सानुमैया सचेत रहन्छे । कवि सानुमैयाको नग्न स्नानप्रति लुकेर कामुक बनी तड्पन्छ । पतिसँग घुम्न निस्केकी सानुमैयालाई हाकिम गिद्धे दृष्टि लगाउँछ । अफिसमा हाकिम नारीको भोग गर्न चाहने आशाले उनीहरूको पदोन्नति गर्छ । रवि उसको विरोध  गर्छ । ऊ इमान्दार बनेर आफ्नो काममा व्यस्त रहन्छ । रवि असल भए पनि सानुमैयाको नजरपान गरेर तृप्ति लिन्छ । दाजु भोजराज बिरामी भएर अस्पताल पुगेकी सानुमैयालाई डाक्टर पनि गिद्धे दृष्टि लगाउँछ । कमल पत्नीप्रति सबैको गिद्धे आकर्षण रहेको देखेर उसको रूपप्रति शङ्कालु बन्दछ ।

एक दिन कमल नभएको मौका पारी हाकिम उसको घर जान्छ । ऊ कवितालाई खलनायक बनेर भोग गर्छ । कविताका कपडा च्यातेर उसलाई रक्ताम्य बनाई भोग गरेर बौलाहा जस्तो बनी हाकिम बाहिरिन्छ । आफ्नो रूपका कारणले अस्तित्व लुटिएको बोध गरी पत्रमा यथार्थ घटना लेखेर पतिको फोटो आफूसँगै राखेर कविताले आत्महत्या गर्दछे । यही अवस्थामा उपन्यासको कथावस्तु समाप्त हुन्छ ।

यस उपन्यासको कथावस्तुको आदि भागमा कमल र कविताको बाल्यकालीन प्रेम, कविताको बालविवाह, उसको घरायसी दुर्दशा, विधवा भएपछि माइती घरमा बसोबास, कमलसँगको चिनजान, उसको छद्म प्रेमको नाटक, कविताको एकोहोरो प्रेम, कमलको यौन दुराचारको प्रयास जस्ता घटना मध्य भागमा पर्दछन् । यस उपन्यासको अन्त्य भागमा कविताको मोह भङ्ग, वास्तविक बालसखा कमल (इन्जिनियर)सँग कविताको विवाह, उसको रूपप्रति सबै पुरुषको घृणित आकर्षण, हाकिमले गरेको कविताको बलात्कार र कविताको आत्महत्या जस्ता घटना रकेका छन् । यसमा कौतूहलको उपयुक्त प्रयोग पाइन्छ । यस उपन्यासको कथानकमा काविताको विवाहपछि के होला, उसको साथी कमलले अब के गर्ला ?, छद्म चरित्रको कमलसँग कविताले विवाह गर्ली कि नगर्ली, इन्जिनियरसँग कविताको सम्बन्ध कस्तो रहला, हाकिमको बलात्कारपछि कविताले के गर्ली जस्ता कौतूहलको प्रयोग पाइन्छ । यसको कथानकमा आएको विकास र कौतूहल

संयोगमा आधारित देखिन्छ । संयोगको धेरै प्रयोगका कारण उपन्यासको कथानक चलचित्रात्मक विन्यासको नजिक रहेको पाइन्छ । प्रस्तुत उपन्यास कविता र कवि, जेठा बाजे र जमिन्दार, कविता र उसप्रति आकर्षित परपुरुषहरूका बिच आन्तरिक द्वन्द्व रहेको पाइन्छ । यसमा परम्परागत नेपाली समाज र जनमानस, दुराचारी पुरुष तथा सरल स्वभावका नारीबिच पनि द्वन्द्व रहेको पाइन्छ । कविताको सबैले डाहा गर्ने आफ्नो रूपका कारण उसमा अन्तर्द्वन्द्व मडारिएको छ । मूलतः यही द्वन्द्वका कारण उसको विनाश पनि भएको छ । यसर्थ यस उपन्यासमा द्वन्द्वको सुहाउँदो प्रयोग पाइन्छ । यसमा बाह्य द्वन्द्वभन्दा पनि आन्तरिक द्वन्द्व प्रबल रहेको छ ।

### ४.१.३.३ चरित्रचित्रण

प्रस्तुत **अभिशाप** उपन्यासमा रामप्रसाद अर्यालले सीमित पात्रहरूको प्रयोग गरेका छन् । अर्यालले कथानकको विकासलाई गति दिन कतिपय स्थानमा थोरै भूमिका भएका पात्र पनि स्थापना गरेका छन् । यस उपन्यासमा आएका कविता, कमल र इन्जिनियर प्रमुख पात्र हुन् भने कविताकी सासू, कवि र हाकिम सहायक पात्र हुन् । यसै गरी यसमा आएका कमलका बाबुआमा, कविताका बाबुआमा, दाजुभाउजू, विरे, रवि, जैसेनी, चंखे जस्ता पात्रहरू गौण चरित्रका रूपमा रहेका देखन्छिन् । यहाँ प्रमुख र केही सहायक पात्रहरूको चित्रण गरिएको छ ।

### क) कविता

कविता यस उपन्यासकी नायिका हो । उसकै केन्द्रीय चरित्रमा उपन्यासको कथानक संरचित भएको छ । उसको बाल्यकालदेखि मृत्युसम्मका घटना रहनु तथा उसकै रूपको अभिशापलाई मुख्य रूपमा उपन्यासकारले देखाएका कारण कविता प्रमुख चरित्र हो । ऊ बाल्यकालमा सानुमैया भनेर चिनिएकी छ । सात वर्षकै उमेरमा विवाह गर्न बाध्य कविता केही महिनामै विधवा हुन्छे । बाल्यकालको प्रेमी कमल सम्झेर ऊ छद्म चरित्रको कमलसँग प्रेम गर्न पुग्दछे । कमलले अनैतिक आचरण देखाए पनि उसमा नकारात्मक भाव सिर्जना हुँदैन । त्यसबाट कविता सोझी चरित्रका रूपमा देखिन्छे । कविले कमलका दुश्चरित्रबारे कुरा गर्दा ऊ कविप्रति वैरभाव प्रकट गर्दछे । यसबाट कवितामा सरलता र घमण्ड दुवै वैशिष्ट्य पाउन सकिन्छ । ऊ इन्जिनियर (कमल)का अगाडि छद्म कमलका यौनाचारको चाहना थाहा पाएपछि सचेत बन्दछे । आफ्नो सौन्दर्यका कारण श्रीमान्का साथीले देखाएको गलत चाहना र हाकिमको बलात्कारका कारण ऊ आत्महत्या गर्दछे । कविता बालविवाहको सिकार भएका, प्रेमिल चरित्र अँगाल्ने,

उच्च शिक्षा हासिल गर्ने नारीकी प्रतिनिधि बनेकी छ । उसकै ओद्योपान्त उपस्थितिमा उपन्यासको कथावस्तु आएकाले ऊ प्रमुख, बद्ध र मञ्चीय चरित्र हो । उसको आत्महत्याले पाठक मनमा करुणा सिर्जना गर्नाले ऊ कारुणिक पात्र बन्न पुगेकी छ ।

### ख) कमल

कमल यस उपन्यासको खल पात्र हो । ऊ प्रेमको नाटक गरी कवितासँग यौनदुराचार गर्न उद्यत रहन्छ । उसले सावित्री र राधिकालाई विवाह गर्छु भनी सम्भोग गरेका घटनाले यस कुरको पुष्टि हुन्छ । शारीरिक प्रेमको नाटक गरी नारीका अङ्गसँग खेलबाड गर्नु उसको अभीष्ट रहेको छ । ऊ उच्चशिक्षा हासिल गर्ने र विकृत प्रेमको नाटक गर्ने पुरुषको प्रतिनिधि बनेको छ । प्रारम्भमा सकारात्मक जस्तो देखिए पनि पछि ऊ घृणित कार्य गर्न पुग्दछ । सम्पन्न परिवारको भए पनि आफ्नो इज्जतप्रति ख्याल नगर्ने कमलले पाठकबाट घृणा बाहेक केही पाउन सक्दैन । कवितालाई बर्बाद बनाउन र उसको जीवनमा खेलबाड गर्न चाहने कमल प्रमुख, बद्ध, मञ्चीय र प्रतिकूल चरित्रको देखिन्छ ।

### ग) इन्जिनियर

कविताको बाल्यकालीन प्रेमी कमल नै पछि इन्जिनियर बनेर उपन्यासमा देखा परेको छ । कविताको विवाहपछि उसकै फोटो बोकेर जीवनपथमा निरन्तर लागि परेको ऊ सकारात्मक पात्रका रूपमा चित्रित भएको छ । कविता विधवा हो भन्ने थाहा पाए पनि सकारात्मक प्रेमका कारण उसलाई स्विकार्दछ । सम्पन्न परिवारको भए पनि आर्थिक दम्भ नभएको कमल आफ्नै परिश्रमबाट अघि बढेको पात्र हो । ऊ आफ्ना साथीहरूका साथ काम गरे पनि कवितालाई गुमाएपछि विवाह नगर्ने निर्णयमा रहन्छ । यसर्थ कमल त्याग गर्न र आत्मिक प्रेम प्रदर्शन गर्न चाहन्छ । कवितालाई स्विकार्नु, साथीहरूले कविताप्रति देखाएको आकर्षणलाई दुत्कार्नु जस्ता घटनाले उसमा सफल प्रेमीमा हुनुपर्ने गुण पाइन्छ । पेसाप्रति बफादार र परिवारप्रति सकारात्मक रहने कमल परिश्रमी युवाहरूको प्रतिनिधि पात्रका रूपमा रहेको देखिन्छ । उपन्यासकारले उसलाई मध्यावस्थामा मात्र सक्रिय उपस्थिति गराए पनि उसले नायकीय भूमिकालाई सही तरिकाले निर्वाह गरेको छ । कविताको अभीष्ट, अद्योपान्त एकै चरित्र, उपन्यासमा प्रभावकारी भूमिका आदिका कारण कमल अनुकूल, गतिहीन र प्रमुख पात्रका रूपमा रहेको छ । यसर्थ उसलाई बद्ध र मञ्चीय चरित्रका रूपमा चित्रित गर्न सकिन्छ ।

यस उपन्यासमा आएका जेठा बाजे र जेठी बजै अन्ध परम्पराको सिकार भई सात वर्षकी छोरीको विवाह गर्ने परम्परावादी र सहायक पात्र हुन् । जमिनदार र जमिनदार्नी इन्जिनियर (कमल) का बाबुआमा हुन् । उनीहरू आर्थिक रूपले सम्पन्न भए पनि रूढिवादी परम्पराको विपक्षमा उभिएका छन् । छोरो कमललाई विधवा कवितासँग विवाह गर्न अनुमति दिनाले उनीहरूको महानता प्रकट हुन्छ । यसै गरी कवितालाई बिग्रनबाट जोगाउन सही सल्लाह दिने कवि पनि सहायक चरित्रका रूपमा देखिन्छ । विवाहित भए पनि मानसिक रूपमा कवितालाई चाहने कवि यस्तो सोचबाट पछि मुक्त भएको छ । यसर्थ ऊ गतिशील चरित्रका रूपमा देखिन्छ । यस उपन्यासमा कविताको दाजु भोजराज आफू नपढे पनि बहिनीलई पढाउन चाहने र उसको भविष्यप्रति चिन्तित रहने सकारात्मक पात्र हो । उसले पनि उपन्यासमा सहायक भूमिका प्राप्त गरेको छ ।

प्रस्तुत उपन्यासमा पार्वती, रवि, बिरे, हाकिम, जैसेनी, कविताकी भाउजू जस्ता गौण पात्र पनि आएका छन् । यिनमा हाकिम कामवासनाले उन्मत्त पात्र हो । उसले सानो उपस्थितिमै कवितालाई बलात्कार गरेकाले कविताको जीवन समाप्त बनेको छ ।

यस उपन्यासमा पात्रका बानी र कार्य व्यापारलाई चित्रण गर्न प्रत्यक्ष र नाटकीय दुवै भूमिका निर्वाह गरिएको छ । उपन्यासकारले प्रतयक्ष रूपमा हाकिमको चरित्रलाई यसरी प्रकाश पारेका छन् :

“दानव पञ्जाबाट उम्केर सानुमैंया रुँदै कराउँदै एक कोठाबाट अर्को कोठा दगुर्थी तर त्यस लिसो जुका पनि सँगसँगै सानुमैंयाका प्रत्येक अवयवहरूमा हात लगाउँदै पछिपछि लाग्यो । धेरै बेरसम्म यस्तो दुखद् सङ्घर्षपछि सानुमैंयालाई समाती भुईंमा नराम्रोसँग पछारी दानव हाकिमले बेहोस बनायो ।”(पृ.१६३)

यसै गरी पात्रहरूका संवादबाट पनि चारित्रिक वैशिष्ट्यलाई यस उपन्यासमा प्रकट गरिएको छ । कविले खलनायक कमलका दुराचारबारे गरेको टिप्पणी यस्तो छ :

“त्यो कमल छ नि, एकदमै लोफङ्गा केटो हो । कविता जस्ता धेरै केटीहरूलाई उसले धोखा दिइसकेको छ भन्ने सुन्छु । अब उसले यो कविताको पनि रस चुसी खोक्रो फाल्ने भो ।” (पृ. ७३)

यसरी प्रस्तुत उपन्यासमा अर्यालले चरित्र चित्रणका निम्ति प्रत्यक्ष र नाटकीय दुवै प्रविधिलाई प्रयोग गरेको देखिन्छ ।

### ४.१.३.४ परिवेश

प्रस्तुत **अभिशाप** उपन्यासमा रामप्रसाद अर्यालले ग्रामीण र सहरी दुवै स्थानगत परिवेशको प्रयोग गरेका छन् । यसमा समयका किटान नगरिए पनि नयाँ पुस्तामा विकसित आधुनिक सोच र परम्पराको निर्मूलीकरण जस्ता कुराहरूले समकालीन सामयिक कालगत परिवेशको झझल्को दिन्छन् । यसमा पहाडी क्षेत्र झिल्टुङ्का जेठाबाजे र जमिनदारको परिवार ग्रामीण परिवेशमा आबद्ध छ । पारम्परिक सोचले बालबालिकाको विवाह गर्ने सोच यथावत् रहेको र कतै हट्दै गरेको स्थिति पनि यहाँ व्याप्त छ । यस उपन्यासमा काठमाडौंको सहरी परिवेश नै मुख्य रूपमा आएको छ । युवा युवतीको उच्च शिक्षाप्रतिको आकर्षण प्रेममय जीवनको वातावरण, हरेक अवसरमा दिइने पार्टीका कारण यस उपन्यासमा सहरी परिवेश व्याप्त बनेको छ । पश्चिमी सभ्यताले हमला गर्दै गरेको सङ्क्रमित सहरी परिवेशलाई अर्यालले यस उपन्यासमा जीवन्त रूपमा प्रस्तुत गरेका छन् । विदेशी पात्रको प्रयोग, विवाहको नयाँ पद्धति, सहरी सौखीन मानसिकता जस्ता कारणले सहरी परिवेशको चित्रण गर्नु नै उपन्यासकारको अभीष्ट देखिन्छ । उपत्यकाभित्रका त्रिपुरेश्वर, पाटन, रत्नपार्क, त्रिचन्द्र र बालाजु जस्ता स्थानहरू यहाँ परिवेशका रूपमा आएका छन् । उपत्यका नजिकको पहाडी परिवेश नगरकोट पनि यहाँ स्वल्प रूपमा आएको छ । यति भए पनि कतिपय पात्रका मनस्थितिहरू परम्परासँग आबद्ध देखिन्छन् । यसर्थ प्रस्तुत उपन्यासमा आधुनिक सभ्यताको विकास हुँदै गरेको परिवेश प्रयुक्त देखिन्छ ।

### ४.१.३.५ दृष्टिबिन्दु

अभिशाप उपन्यासमा उपन्यासकार अर्यालले बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् । आफू उपन्यासभन्दा बाहिरै रहेर यसमा आएका पात्रहरूका बारेमा उनले अन्तर्बाह्य रूपमा प्रकाश पारेका छन् । उपन्यासको कथानक कविताको बाल्यकालदेखि उसको मृत्युसम्म व्याप्त भए पनि यसमा आएका पात्रका भूमिकालाई उनले बाहिरैबाट चित्रण गरेका छन् । यसमा पात्रका सकारात्मक, नकारात्मक, आधुनिक, परम्परावादी सोचलाई छर्लङ्ग पारिएको छ । कविताको सर्वप्रमुख भूमिका रहे पनि सम्पूर्ण पात्रहरूका क्रियाकलाप र बानी बेहोरालाई लेखकले चर्चा गरेका छन् । यसर्थ यस उपन्यासमा बाह्य दृष्टिबिन्दु अन्तर्गत सर्वदर्शी दुष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

कविताको केन्द्रीय चरित्रसँगै जोडिन आएका सान्दर्भिक घटना र पात्रका व्यवहारलाई भूमिकागत दृष्टिकोणले समान रूपमा यहाँ चर्चा गरिएको छ । यति हुँदाहुँदै पनि कविताको दुरवस्था , कमलका कलुषित आचरण र इन्जिनियरका सकारात्मक

चरित्रप्रति उपन्यासकार बढी केन्द्रित देखिन्छन् । यस्तो अवस्थामा पनि उपन्यासको दृष्टिबिन्दु तृतीय पुरुष अन्तर्गत सर्वदर्शी बन्न पुगेको छ ।

### ४.१.३.६ उद्देश्य

प्रस्तुत **अभिशाप** उपन्यासले सहरी वातावरणमा भित्रिएका युवायुवतीको प्रेममय जीवनदशालाई चित्रण गरेको छ । आफूखुसी स्वतन्त्रता पाएका शिक्षित युवायुवतीको प्रेमका घृणित आचरण र कठिनतालाई प्रकाश पार्नु उपन्यासको मुख्य उद्देश्य रहेको छ । प्रेमको नाटक गरेर यौनेच्छा पुरा गर्न चाहने युवाहरूका आचरणलाई यहाँ विरोध गरिएको छ । प्रेमको जालमा फँसेर सम्भोगको सिकार बनेका युवतीहरूको दुर्दशालाई यहाँ प्रकटीकृत गरिएको छ । यसै गरी शारीरिकभन्दा मानसिक (आत्मिक) प्रेमको महिमा गायन गर्नु यस उपन्यासको सारवस्तु रहेको छ । उच्च पदासीन व्यक्तिहरूका बलात्कारी व्यवहार, अरूको गृहस्थी बिगार्ने सोच एवम् नारीका रूपप्रतिको आकर्षण जस्ता विकृतिलाई यहाँ विरोध गरिएको छ । यसै गरी यस उपन्यासले रूढिवादी सोच र त्यसबाट उत्पन्न समस्या एवम् बालविवाह जस्ता कुराको विरोध गर्दै त्यसबाट मुक्त रहन सन्देश दिएको छ । विधवा विवाह गर्ने र सहयोगी भावना भएका पुरुषहरूको महिमालाई यहाँ कमलका माध्यमबाट उठाइएको छ । यसर्थ प्रस्तुत उपन्यासले गलत परम्पराको विरोध, आधुनिक सभ्यताका नाममा हुने दुर्वृत्ति प्रेमका नाममा हुने दुराचार जस्ता कुरालाई सारवस्तुका रूपमा प्रक्षेपीकृत गरेको छ । यसको सारवस्तुलाई लेखकले प्रत्यक्ष र नाटकीय दुवै तरिकाले प्रस्तुत गरेका छन् ।

### ४.१.३.७ संरचना

**अभिशाप** उपन्यास रामप्रसाद अर्यालले २०४० सालमा रचना गरेका हुन् । यो उपन्यास १६४ पृष्ठको मध्यम आयाममा संरचित रहेको छ । यसमा लगभग सोह्र वर्षसम्मको घटनाक्रम समेटिएको छ । यस उपन्यासमा प्रयुक्त कथानकलाई बाइस भागमा समेटिएको  छ । यसमा आएको तेह्रौ भाग सबभन्दा लामो एक्काइस पृष्ठको रहेको छ । यसै गरी चौथो भाग सबभन्दा छोटो तीन पृष्ठको रहेको छ । अन्य भागहरू चारदेखि दश पृष्ठसम्मका असमान आयाममा संरचित रहेका छन् । यसमा प्रयुक्त घटनालाई संयोगका रूपमा मोड्नाले चलचित्रात्मक कथाको आभास पाइन्छ । केन्द्रीय चरित्र कविताको रूपप्रति सबै पुरुषको मोह जाग्नु तर आफ्नै रूपका कारण कविताले हाकिमबाट बलात्कृत भएपछि आत्महत्या गरेकी  छ । यस कारण कविताको रूप नै

उसको अभिशाप वा मृत्युको कारण बनेको छ । यसरी प्रस्तुत उपन्यासको शीर्षक पनि सार्थक र प्रभावपूर्ण रहेको देखिन्छ ।

### ४.१.३.८ भाषाशैली

प्रस्तुत उपन्यासमा सहज र सरल भाषाशैलीको प्रयोग पाइन्छ । यसमा धर्म, पशु, समुद्र, प्राणी, निद्रा, कविता जस्ता तत्सम शब्द र लाज, दाँत, आज, माखो, आँखा जस्ता तद्भव शब्दहरू बढी प्रयोग भएका छन् । यसै गरी तकलिफ, इन्जिनियर, डिग्री, बरबाद, बचपन, प्लिज, बजे, पार्टी, नेकलेस, प्यार, फिट, ह्वाइट, हेन्डसम, अफिस, प्रोग्राम, रिंग, सोकेस, टि.टि.बल आदि आगन्तुक शब्दरू पनि यसमा प्रयुक्त रहेका छन् । यसमा अङ्ग्रेजी भाषाका आगन्तुक शब्दहरू यथास्थानमा उपयुक्त देखिन्छन् । भनिस्योस्, गरिस्योस्, खाइस्योस्, हजुर जस्ता उच्च आदरार्थी शब्दहरू पनि यसमा आएका छन् । प्रस्तुत उपन्यास वर्णनात्मक शैलीमा लेखिएको छ । यहाँ बिचबिचमा पात्रहरूका संवाद पनि यथेष्ट मात्रामा आएका छन् भने कतिपय घटनालाई लेखकले विशलेषणात्मक रूपमा प्रस्तुत गरेका छन् । यसर्थ यस उपन्यासमा संवादात्मक, वर्णनात्मक र विश्लेषणात्मक तीनै शैलीको प्रयोग भएको देखिन्छ । प्रायः सरल वाक्यरू रहेको यस उपन्यासमा प्रश्नात्मक, आश्चर्यमूलक वाक्यहरू पनि आएका छन् । यसर्थ उपन्यासको भाषाशैली कथावस्तुको मर्मलाई प्रस्तुत गर्न प्रभावकारी रहेको छ ।

### ४.१.३.९ निष्कर्ष

रामप्रसाद अर्यालले २०४० सालमा सिर्जना गरेको **अभिशाप** उपन्यासमा १६४ पृष्ठ र बाइस भाग रहेका छन् । तृतीय पुरुष दृष्टिबिन्दुमा संरचित यो उपन्यासमा झिल्टुङ, नगरकोट जस्ता ग्रामीण र उपत्यकाको सहरी परिवेशमा संरचित रहेको छ । सीमित र स्वाभाविक पात्रहरू रहेको यस उपन्यासमा सामाजिक कथावस्तु रहेको छ । परम्परा र आधुनिकताको अतिवादलाई विरोध गरेको यस उपन्यासले आत्मिक प्रेमलाई प्रश्रय दिएको  छ । प्रेमका नाममा हुने युवायुवतीका दुराचारलाई घृणा गर्दै त्याग र समर्पणको महिमा गान गर्नु यस उपन्यासको उद्देश्य रहेको छ ।

## ४.१.४ 'असन्तुलन' उपन्यासको विश्लेषण

### ४.१.४.१ परिचय

रामप्रसाद अर्यालको तेस्रो औपन्यासिक रचनाका रूपमा **असन्तुलन** रहेको छ । यो उपन्यास वि.सं. २०४३ मा प्रकाशित भएको छ । यसको प्रकाशन मञ्जु अर्यालले गरेकी छन् । यसको बाहिरी भागको अग्र पृष्ठको सिरानमा रातो अक्षरले उपन्यासको शीर्षक लेखिएको छ । यसको मध्य भागमा सन्तुलन नमिलेको तराजुको चित्र रहेको छ । दुई तराजुका बिचमा खाली आकारको ग्लोब रहेको प्रस्तुत आवरणले समानता नभएको वा सन्तुलन नमिलेको स्थितिप्रति लक्षित गरेको देखिन्छ । नेपाली समाजको असन्तुलित सामाजिक स्थितिलाई उपन्यासले व्यक्त गरेकाले प्रस्तुत आवरण चित्र विषयवस्तुको भाव अनुसार अङ्कित रहेको छ । यस चित्रको केही तल रातो अक्षरमा लेखकको नाम रहेको छ । लेखकले यस उपन्यासलाई नेपाल आमालाई समर्पण गरेका छन् । यसमा कसैको पनि भूमिका लेखन रहेको छैन । उपन्यासकारले ‘दुई शब्द’ शीर्षकमा जुनसुकै क्षेत्रमा पनि सन्तुलन नमिले त्यो क्षेत्र अधुरो रहने बताएका छन् । उनले यस कृतिको गुण-अवगुणको खोजी गर्ने जिम्मा पाठकलाई दिएका छन् ।

### ४.१.४.२ कथावस्तु

सहिद दिवसको दिन देशको अस्तित्व बचेको स्मरण गर्दै सागर ज्योतिको घर पुग्दछ । ज्योति गम्भीरका चित्रपट हेरेर आफ्ना साथीहरू श्याम, नवीन, किरण, छिरिङलाई पर्खिरहेको हुन्छ । गम्भीर आफ्नो चित्रकारिताबाट बाँच्न गाऱ्हो परेको गुनासो पोख्दछ । सागर शासकको तानाशाही चरित्र र जनताको परिवर्तनकारी सोचबिच सन्तुलन नदेखेर दिक्क मान्दछ । सहिद दिवस मनाउने सोचमा डाक्टर ज्योति श्याम र नवीनलाई लिएर आउँछ । ज्योति, शोभा र किरणको शक्ति बढेकाले सागरलाई उनीहरूबाट बच्न आग्रह गर्छ । उनीहरू सहपाठी विजयको दिवङ्गत आत्मालाई शान्ति मिलोस् भन्ने हेतुले सहिद दिवस मनाउन भेला भएका हुन्छन् । विजयको गुणको बयान गर्दै र आ-आफ्ना पदका घमण्ड बिर्सेर यस दिवसका निम्ति उनीहरू सहमत हुन्छन् ।

ज्योतिले उद्घोषण गरी कार्यक्रम सुरु गर्छ । विजयको स्मरण गर्दै ज्योतिले बारको पर्दा खोल्दछ । किरण सोमरस समाउँदै लोलाउन थाल्छ । गम्भीर विजयको देनलाई नभुल्न आग्रह गर्छ । छिरिङ गम्भीरको चित्रकारिताको उपहास गर्छ । ऊ विजयको देनलाई पनि उपहास गर्छ । छिरिङले नै विजयलाई सहिद मान्नु पर्ने प्रस्ताव ल्याए पनि यस पटक ऊ विजयका विरुद्ध वोल्दछ । कृष्ण विदेश पढ्न गएकाले कार्यक्रमा उपस्थित हुन सक्दैन । छिरिङ भनसुनले मात्र सबै कुरा चलेको छ भन्दै चुरोट र मादक पदार्थ सेवन गर्न थाल्छ । सहिद दिवस नाम मात्रको हुन्छ ।

नारान गाउँबाट बिरामी आमालाई लिएर सहर जान्छ । ऊ आमालाई उपचार गराउन नर्सलाई आग्रह गर्छ । आवश्यक रुपियाँ नभएकामा नारान समस्यामा पर्छ । पैसा तिर्ने ठाउँमा एक हजार मागेपछि नारनको ओठ सुक्छ । नारानकी सानीआमाले आमाको उपचार नगरेको भन्दै गाली गरेपछि ऊ अझ पीडित बन्दछ । आवश्यकभन्दा बढी रगत निकालेकाले बिरामीको अवस्था कमजोर बन्छ । घरमा लगेर धामी झाँक्री लगाउँदा त्यसको प्रताडनाबाट नारानकी आमाको मृत्यु हुन्छ ।

सागर समाजको असन्तुलन देखेर पागल हुन्छ । ऊ अस्पतालबाट घर लाग्दछ । बाबुआमाले उसलाई विवाह गर्न सल्लाह दिन्छन् । सागर आफू पितृभक्त बन्न नसकेको र आफैलाई माया गर्न नसकेकाले अर्काकी छोरीलाई माया दिन नसक्ने बताउँछ । ऊ रगतको नातामा पनि स्वार्थ लुकेको देख्छ । सागर एकान्तप्रेमी बन्दै जान्छ । ऊ छेपाराले फटेङ्ग्रो खाएको देखेर पीडित बन्दछ । ऊ बलियाका शक्तिमा दुर्वलको दुरवस्था देखेर ईश्वरको सृष्टिलाई नै धिक्कार्छ । ऊ जन्म र पुनर्जन्मका बारे गीताको दर्शन स्मरण गर्दछ । ऊ वीज र शरीरलाई आत्मा र जीव जस्तै सम्झन्छ ।

मुखिया बाजे जेठो छोरो कृष्ण विदेशबाट घर नफर्केकामा दिक्क मान्दछ । छोराले आफूलाई बिर्से पनि मुखियाले गाउँमा अध्ययनको व्यस्तताले छोरो नफर्केको बताएको हुन्छ । कृष्णले विदेशमै विवाह गरेको हुन्छ । आफ्नी श्रीमती मुखिनी मरेपछि मुखिया नोकर्नी मगर्नीसित प्रेम गर्न थाल्दछ । मगर्नीलाई आफ्नी बतासे छोरीको बाउ देखाउन गाऱ्हो परेको थियो । मगर्नी आमालाई मुखियासँग बिहे गर्ने कुरा गर्छे । आमाले सल्लाह दिन मान्दिन ।

जनप्रतिनिधि किरणको कार्यालयमा मान्छेको भिड लागेको छ । धेरै मान्छे भनसुनका लागि त्यहाँ आएका हुन्छन् । भोट दिने मान्छेको बेवास्ता गर्ने किरण वन फँडानी जस्ता गलत कार्यका लागि अरूलाई अनुमति दिन्छ । व्यापारी छिरिङ र श्यामले मात्र ऊसँग भेट गर्छन् । अन्य सर्वसाधारणले सामाजिक असन्तुलनको कुरा गरेपछि किरण कार्यालयबाट भाग्छ ।

मुखिया बाजेलाई छोरी दिन घरमा मान्छे आउँछन् । उनीहरूलाई फोटो दिन ऊ नारान र सीतासँग दराजको चाबी माग्दछ । मुखिया १०/१५ वर्ष पहिलेको फोटो देखाउँछ । उनीहरू बाउभन्दा पनि छोरो नारानलाई कन्या दिन रुचाउँछन् । मुखियाकी बुढी मरेकी र ऊ पनि बुढो भएकाले उनीहरू त्यहाँबाट हिँडछन् । यता कान्छी मगर्नी मुखियालाई आफ्नो बनाउने दाउमा हुन्छे । मुखियाले नोकर्नी मगर्नीलाई आफ्नी पत्नी

बनाउँछ । गाउँमा यसको टिप्पणी हुन थालेपछि नारान र सीता दिक्क हुन्छन् । च्यान्टेको छोरो सुरज विदेशबाट फर्कन्छ । मुखिया उसलाई भेट्न जान्छ । क्रिस्चियन भएर उतैकी केटी बिहे गरेको सुनेपछि मुखिया छोरो कृष्णसित क्रुद्ध बन्दछ । सुरजको मदिरा सेवन, पत्नीको छाडा खुला व्यवहार, उसले ससुराको सत्कार नगरेको देखेर मुखिया सुरज र उसकी विदेशी स्वास्नीलाई गलत ठान्छ ।

किरण र श्याम रेस्टुरेन्टमा रोशन र रूपाको छाडा प्रेम देखेर चिन्तित हुन्छन् । प्रेमिकाका लागि रोशनले आमाको सुन चोरेको, जथाभाबी खर्च गरेको जस्ता कार्यले उनीहरूलाई सोच्न बाध्य बनाउँछ । श्याम पत्नीलाई जचाएर क्लिनिकबाट निस्कन्छ । महङ्गो उपचार, पैसा नहुनेको दुरवस्था जस्ता कुराले उनीहरूलाई प्राइभेट क्लिनिक व्यापार जस्तो अनुभव हुन्छ ।

घरमा बाबु मुखिया र सौतेनी आमाको ज्यादती भएपछि नारान र सीताले घर त्याग गरेर भाग्ने निर्णय गर्छन् । मगर्नीको रात दिनको गाली गलौज र बाबुको दुर्वचनका कारण सीताले घर त्याग्छे । ऊ विदेशी बस्ने घरमा सफासुग्घर गर्ने, खाना पकाउने जस्तो काम गर्न थाल्छे । सीता सहरतिर भागेको थाहा पाएपछि नारान पनि उतै भौतारिन्छ । नारानलाई सहरका माग्ने मान्छेदेखि दिक्क लाग्छ । ऊ पैसाका लागि मरेको कुकुर पनि फाल्न बाध्य हुन्छ । नारानले सागलाई भेट्छ । सागर बेसहारा नारानलाई आफ्नो घरमा लिएर जान्छ । नारानले धेरै दिनपछि सागर हराएको थाहा पाउँछ ।

पौराणिक रहस्य बुझ्न खोज्ने र दर्शनको सूक्ष्म कुरा गर्ने सागर कता गयो कसैलाई थाहा हुँदैन । भारतको कुनै ठाउँमा सागर रेलबाट ओर्लन्छ । वेश्या, मगन्ते र लुटेराको ज्यादती सहँदै ऊ एउटा छाप्रामा पुग्छ । लाहुरेका लागि मात्र बस्न बनाइएको त्यस ठाउँबाट सागर एउटा पाटीमा पुग्छ । उसले भारी बोक्ने नेपालीको दुर्दशापूर्ण गफ सुन्छ । बेसहारा सागर सहरको एउटा लजमा पुग्छ । ऊ सहरिया र ग्रामीण व्यक्तिको वादविवाद सुन्छ ।

विद्यालयमा प्रदीप सर नआएकाले दीपक सर उसको आर्थिक अभाव र ठूलो जहानबारे चिन्तित बन्छ । नजिकै रहेको सन्यासी भेषको सागरलाई भेट्नासाथ दीपक झस्कन्छ । उनीहरू बाल्यकालीन साथी हुन्छन् । ईश्वरबारे व्यावहारिक ज्ञान बुझ्न खोज्ने सागरले गम्भीरको पनि उस्तै दुरवस्था देख्छ । चाकरी गर्न नसकेकाले सागरले मिलाइदिएको जागिरबाट नारानलाई निष्काशन गरिन्छ । ऊ सत्यमानका सहाराले जागिर पाउने आशा गर्छ । स्नातक पास गरेको ऊ कुल्ली काम पाउन पनि असमर्थ बन्छ ।

उसले हाकिमको चियोचर्चो नगर्ने सर्तमा कुल्लीको हाजिरी राख्ने काम पाउँछ । सागर र गम्भीर बसेको पौवामा भक्तजनको भिड देखिन्छ । सागर जीवात्मा, परमात्मा र मोक्षबारेका जिज्ञासुका उत्तर दिइरहन्छ । उसले गीताको दर्शनलाई जीवनसार बनाएको हुन्छ । पुस्तकालयमा श्याम नवीनको लघुकथा पढ्छ । नवीन साहित्यिक कुरा गर्छ । नवीन आफ्नो असफल प्रेम र  बाबुआमाको आग्रहमा गरेको बिहेवारे श्यामलाई बताउँछ । साहित्यकार भएको र गरिब भएका कारण पत्नीले उसलाई छोड्छे ।

वरपिपलको छाहारीमा सानो बालकको जिज्ञासा मेट्दै गर्दा सागरले पण्डितका प्राणी हत्या गर्ने विचार विरुद्ध आवाज उठाउँछ । पण्डित रिसले क्रुद्ध हुन्छ । गम्भीरलाई साथ लिई सागर घर फर्कन्छ । बाटामा विदेशी यात्रीको हिमालयप्रतिको आकर्षण, नेताका कारण बिग्रेको आर्थिक अवस्थाबारे सागर चिन्तित बन्छ । धेरै सन्तान भएर पनि एक्ली भएकी बृद्धा मास्टर्नीको दुर्दशाले पनि सागर पीडित बन्छ । सागर घर पुगेपछि नारानका आग्रहमा शास्त्रार्थ प्रारम्भ हुन्छ । हरेक व्यक्तिका जिज्ञासालाई सागर ईश्वरीय पक्षको व्यावहारिक सन्दर्भबाट मेटाउँदै जान्छ । भौतिकवादी युवकले पनि आफ्ना दर्विला विचार राख्छन् । उता सम्पन्न मुखिया पनि घरबाट निष्काशित भएपछि आफ्नो पुरानो साथी जित बहादुरका घरमा बस्न थाल्छ । भक्तजनहरूका पारस्परिक तर्क वितर्क र योगीसँगका शास्त्रार्थ चलिरहन्छन् । नारानले बहिनी सीताको हत्या भएकामा प्रशासनसमक्ष आक्रोश पोख्छ । हत्यारा लुक्ने र दैनिक हत्या गरी फरार हुने शैलीलाई ऊ निन्दा गर्छ ।

पशुपतिको दर्शन गर्न गएको वृद्ध भक्तको जिज्ञासा मेटाउँदै गर्दा सागर अन्धो व्यक्तिका गहन विचार सुन्छ । अन्धो व्यक्तिले सांसारिक दुरवस्थाको दर्शन गर्नुभन्दा आँखा नहुनु राम्रो भनेपछि सागर आफूलाई अन्धो भएको ठान्छ । अर्कातर्फ सहिद दिवस मनाउने क्रममा व्यापारी छिरिङ मृत शासकको तस्बिरमा माल्यार्पण गर्छ । सागरलाई यो मन पर्दैन र ऊ बाहिरिन्छ । अँध्यारो बाटामा उसलाई अज्ञात समूहले पिटेर घाइते बनाउँछन् । अस्पतालमा सागर स्थिर भएर रहन्छ । ऊ घाइते भए पनि चिन्तित बन्दैन । बृद्ध व्यक्तिको छालाको शल्यक्रिया गरेर तरुण बन्न चाहने इच्छादेखि सागर नतमस्तक बन्छ । यसै अवस्थामा उपन्यासको कथावस्तु समाप्त हुन्छ ।

**असन्तुलन** उपन्यासको कथावस्तुको स्रोत नेपाली समाज रहेको छ । यसको कथानकको आदि भागमा सागरको मानसिक असन्तुलन,मुखियाको अनमेल विवाह, नारान र सीताको गृहत्याग, सागरको परिवार त्याग जस्ता घटना पर्दछन् । मध्यभागमा नारानको जीवनमा आएका समस्या, सागरको सन्यासी यायावर  चरित्र, गम्भीरसँग सागरको भेट, छोरो कृष्णका कारण मुखियाको दुर्दशा जस्ता घटनाहरू आएका छन् । यसै

गरी कथानकको अन्त्य भागमा सीताको हत्या, सागरको गृह प्रवेश, सागरको घरमा चलेको शास्त्रार्थ, सहिद दिवस मनाउने क्रममा अज्ञात समूहबाट सागर घाइते हुनु जस्ता घटना आएका छन् । यस उपन्यासमा नारानले सीतालाई भेट्ला कि नभेट्ला, मुखियाको छोरो घर फर्केर के गर्ला ?, सागर कहाँ जाला, उसले घरमा आएर कस्तो जीवन चलाउला जस्ता कौतूहल पनि रहेको पाइन्छ । सुगठित कथानक नभएका कारण यसको सैद्धान्तिक विन्यासमा उपन्यासमा शैथिल्य देखा पर्छ ।

### ४.१.४.३ चरित्रचित्रण

प्रस्तुत **असन्तुलन** उपन्यासमा बहुल चरित्रको प्रयोग पाइन्छ । घटनाहरू धेरै भएका र धेरै पात्र त्यसको भोक्ता बनेका कारण यस उपन्यासमा सहायक पात्रहरूको सङ्ख्या बढी रहेको देखिन्छ । यसमा सागर नारान र मुखिया प्रमुख चरित्रका रूपमा आएका छन् । यसै गरी छिरिङ, किरण, कान्छी मगर्नी, कृष्ण आदि यस उपन्यासका सहायक पात्र हुन् । यसमा आएका भक्तजन, पण्डित, सागरका बाबुआमा, सानीआमा, डाक्टर, धामी आदि पात्र गौण चरित्रका रूपमा रहेका छन् । यसमा आएका चरित्रहरूलाई निम्नानुसार चित्रण गर्न सकिन्छ :

#### क) सागर

सागर यस उपन्यासको प्रमुख चरित्र हो । समाजमा देखा परेको असन्तुलित व्यवहारका कारण उसमा मानसिक असन्तुलन देखा पर्दछ । ऊ विवाह गरेर परिवारप्रति माया प्रकट गर्न नसकिने धारणा राख्छ । नारानलाई आश्रय दिएबाट उसमा सहयोगी भावना रहेको देखिन्छ । सहिदहरूप्रति ऊ आत्मिक रूपले सम्मान भाव प्रकट गर्दछ । ज्ञानका निम्ति उसले यायावर जीवन बाँचेको छ । जीवन बुझ्ने सन्दर्भमा सागर गीताको कर्मवादी सोचबाट प्रभावित देखिन्छ । दर्शनको व्याख्याका सन्दर्भमा ऊ उपन्यासकारको मुख पात्र बनेको देखिन्छ । समाजमा सैद्धान्तिकभन्दा व्यावहारिक ज्ञान प्रचार गर्नु उसको लक्ष्य रहेको छ । ऊ सरल र स्वाभिमानी चरित्रको रहेको छ । आफू घाइते हुँदा पनि ऊ धैर्यसाथ रहेको छ । सन्यासी भेषमा हिँडे पनि ऊ पुनः घर फर्कन्छ । उसले कर्मवादी सोच अँगाले पनि स्वयम्मा कुनै रचनात्मक काम गरेको देखिँदैन । समाजलाई धार्मिक रूपमा सन्तुलित राख्नु र सरल व्यवहार प्रकट गर्नु उसको अभीष्ट देखिन्छ । बौद्धिक व्यक्ति सागर यहाँ वैयक्तिक, प्रमुख र गतिहीन चरित्रका रूपमा आएको छ । भौतिकवादी व्यक्तिलाई पनि आदर गर्ने ऊ अनुकूल र मञ्चीय चरित्र हो ।

#### ख) नारान

सम्पन्न परिवारमा जन्मे पनि नारान निम्न वर्गीय व्यक्तिको प्रतिनिधि पात्र हो । बाबुको अनमेल विवाह र सौतेनी आमा मगर्नीका कटु व्यवहारका कारण ऊ घर छोड्न बाध्य बनेको छ । स्नातक उत्तीर्ण गरेको नारान कसैको चाकरी गर्न मन पराउँदैन । भड्किलो व्यवहारविरुद्ध आवाज उठाउने ऊ यसै कारण कामबाट निकालिन्छ । उसले शैक्षिक बेरोजगारीको दुर्दान्त समस्या बेहोरको छ । घरमालिकको दुर्व्यवहार र हाकिमको भ्रष्टाचारी चरित्रलाई उसले मानसिक रूपमा अस्वीकार गरे पनि व्यावहारिक रूपमा विरोध गर्न सकेको छैन । आफ्नै बाबु मुखियाका सामन्ती व्यवहारविरुद्ध पनि उसले आवाज उठएको छैन । यसर्थ नारान यथास्थितिलाई बाध्यतावश भोग्न पुगेको तर परिवर्तनकामी चरित्र हो । सामाजिक असन्तुलनविरुद्ध उसले प्रारम्भमा व्यवहार गरे पनि पछि त्यसलाई व्यावहारिक रूपमा स्वीकार गरेको छ । यसर्थ ऊ प्रमुख, अनुकूल, गतिहीन र मञ्चीय चरित्रका रूपमा यस उपन्यासमा चित्रित रहेको छ ।

### ग) मुखिया

मुखिया यस उपन्यासमा खल चरित्रका रूपमा आएको छ । पत्नी बिरामी हुँदा पनि उसले कुनै वास्ता गरेको छैन । आर्थिक रूपले सम्पन्न मुखिया पैतालिस वर्षको उमेरमा पनि अठार वर्षीय नोकर्नी मगर्नीसँग विवाह गर्दछ । मगर्नीसँग लागेर उसले छोराछोरी नारान र सीताको बिचल्ली बनाएको छ । जिते गुरुङ जस्ता गरिबको उठीबास लगाउने ऊ शोषक वर्गको प्रतिनिधि पात्र हो । छोरो कृष्णलाई विदेश पढ्न पठाएकामा घमण्ड गर्ने मुखिया छोराकै कारण अन्त्यमा घरबाट निष्काशित बन्दछ । आफूले सर्वस्वहरण गरेको जितेको घरमा दुर्व्यवहार सम्झदै उसले आफूलाई शोषक भनेको छ । जितेको सत्कार पाएपछि उसले आफ्नो शोषण कार्यप्रति पश्चात्ताप गरेको छ । यसर्थ मुखिया प्रमुख, वर्गीय, गतिशील र प्रतिकूल चरित्रका रूपमा यस उपन्यासमा आएको छ ।

यी बाहेक यस उपन्यासमा आएको कृष्ण विदेश पढ्न गएर पाश्चात्य संस्कृतिले भ्रष्ट बनेको पात्र हो । पत्नीको सङ्गतका कारण उसले बाबुलाई नै घरबाट निकालिदिएको छ । प्रतिकूल चरित्रको कृष्ण सहायक पात्र हो । कान्छी मगर्नी बैंसले मात्तिएकी र नोकरहरूकी प्रतिनिधि पात्र हो । ऊ छोटो समयमा नै आफ्नो बृद्ध पति मुखियालाई आफ्नो पन्जामा पार्न सफल हुन्छे । आफ्नो यौन भोक नमेटिएकाले ऊ पछि अन्तै पोइल जान्छे । छिरिङ व्यापारी वर्गको पात्र हो । ऊ शासकको चाकरी गरेर व्यापारिक उन्नति गर्छ । किरण तानाशाही चरित्रको नेता हो । जनताबाट भोट जिते पनि धेरै भ्रष्टाचार गरेकाले र सर्वसाधारणका समस्याप्रति बेवास्ता गरेका कारण ऊ तत्कालीन पन्चेहरूको प्रतिनिधि पात्र बनेको छ । गम्भीर चित्रकारिता गर्ने निम्न वर्गीय गौण चरित्र

हो । पण्डित धर्मका नाममा प्राणी हत्या गर्ने पाखण्डी चरित्र हो । ऊ निर्दयी र स्वार्थी चरित्रका रूपमा आएको छ । यसरी प्रस्तुत उपन्यासमा विभिन्न वर्ग, जात, पेसा र लिङ्गका विविध चरित्रहरू रहेका छन् ।

यस उपन्यासमा चरित्र चित्रणका निम्ति विविध पद्धति प्रयोग गरेको देखिन्छ । उपन्यासकारले प्रत्यक्ष रूपमा चरित्रको व्यवहारलाई कमै मात्रमा प्रकाश पारेका छन् । पात्रहरूका पारस्परिक संवाद, व्यवहार र आफ्नो चरित्र आफैं प्रकाशित गर्ने शैली यस उपन्यासमा पाइन्छ ।

### ४.१.४.४ परिवेश

**असन्तुलन** उपन्यासमा सहरी र ग्रामीण दुबै स्थागत परिवेशको चित्रण पाइन्छ । तत्कालीन पञ्चायती शासनको दुष्प्रभाव रहेका कतिपय घटनाले यसको कालगत परिवेश यसै समयको सेरोफेरो मान्न सकिन्छ । बौद्धिक व्यक्तिको उदय हुँदै गएको र चेतनाको मिर्मिरे हुँदै गएको समय यसमा अभिव्यञ्जित हुन आउँछ । सामन्तवादी विकृतिका विरुद्ध जनताले आवाज निकाल्न नसकेका घटनाले निरङ्कुश शासनको बढावा रहेको देखिन्छ । बहुविवाह, छोरो जन्माउनका लागि विवाह गर्ने परम्परा, धार्मिक अन्धता जस्ता कतिपय घटनाले परम्परावादी नेपाली समाज यहाँ परिवेशगत रूपमा आएको देखिन्छ । अन्तर्जातीय विवाहको  सामाजिक अस्वीकृति, पढेका व्यक्तिलाई साथ नदिने शासकीय चरित्र, शक्तिशाली मान्छेका लागि मात्र सहयोग गर्ने नेताका चरित्र आदि जस्ता घटनाले पनि यस कुराको पुष्टि गर्छ । परिष्कृत धार्मिक मान्यतामा कतिपय पात्र सहमत देखिनाले धार्मिक अन्धता हट्दै गरेको नवउन्मेष पनि यहाँ व्यक्त भएको छ । विद्यालयमा शिक्षक कुटिनु, सामाजिक असन्तुलनका कारण मानिसहरू पागल बन्नु, हत्या हिँसा जस्ता कार्य भइरहनु आदिले तत्कालीन राजनीतिक अव्यवस्थाको सङ्केत पाइन्छ । पाश्चात्य संस्कृतिको अन्धानुकरण गर्नाले समाजमा व्याप्त अस्थिरता जस्ता घटना पनि यहाँ रहेको पाइन्छ । यसर्थ यस उपन्यासको परिवेश पञ्चायती शासनकालको परिधीय नेपाली समाज रहेको पाइन्छ ।

### ४.१.४.५ दृष्टिबिन्दु

**असन्तुलन** उपन्यासमा तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दुको प्रयोग रहेको छ । यसमा लेखकले उपन्यासको कथानकभन्दा बाहिरै रहेर घटनाको वर्णन गरेका छन् । यस

सन्दर्भमा उनले प्रायः सम्पूर्ण पात्रलाई समान महत्त्वका साथ चर्चा गरेका छन् । पात्रका मानसिकता, बौद्धिकता, जातीय आचरण, दार्शनिक चिन्तन आदिलाई उनले वर्णनात्मक रूपमा उठाएका छन् । यसर्थ उपन्यासको दृष्टिबिन्दु सर्वदर्शी बन्न पुगेको छ । यसमा श्याम र नवीनका वैयक्तिक संवादमा प्रथम पुरुष दृष्टिबिन्दुको झल्को पाइन्छ । वास्तवमा यो प्रसङ्गवश जोडिन आएको परिधीय कथानक भएकाले उपन्यासको मुख्य कथानकमा समाहित बन्न पुगेको छ । यसर्थ यस उपन्यासमा आद्योपान्त तृतीय पुरुष, सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग रहेको छ ।

### ४.१.४.६ उद्देश्य

प्रस्तुत उपन्यासले नेपाली समाजको यथार्थ अवस्थालाई उठाएको छ । समाजमा हुने हरेक असन्तुलित गतिविधिलाई यहाँ छर्लङ्ग पारिएको छ । नेपाली समाजमा उच्च वर्ग र निम्न वर्गका व्यक्तिबिच देखा परेको असमानतालाई प्रस्तुत गर्नु नै उपन्यासकारको मूल अभीष्ट रहेको देखिन्छ । यसमा शासकका भ्रष्ट व्यवहार, ठेकेदारका भ्रष्टाचारी चरित्र, साहु महाजनका शोषण वृत्ति, ग्रामीण समाजमा उनीहरूले गरेका दुराचार एवम् निम्न वर्गीय जनताका दुःखपूर्ण स्थितिलाई यसले उद्देश्यका रूपमा उठाएको छ । शैक्षिक स्थितिले योगय व्यक्तिहरू शासकीय सम्बन्ध नभएका कारण कुल्ली काम गर्न वाध्य बनेका छन् । व्यापारीबाट घुस खाएर उनीहरूकै अनुकूल आचरण गर्नाले शासकीय दुराचार फस्टाएको सङ्केत यस उपन्यासमा पाइन्छ । सामाजिक असन्तुलन र अत्याचारले सर्वसाधारण मान्छे मानसिक रोगी बनेका छन् । तल्लो वर्गका मानिस उपचार नपाएर मर्न बाध्य छन् । चेतनशील युवाहरू यसको विरोधमा मानसिक रूपमा तयार भए पनि व्यावहारिक रूपमा त्यो फस्टाउन सकेको छैन । तसर्थ उपन्यासले सामन्तवादका विरुद्ध एकजुट हुनुपर्ने सन्देश दिएको छ । नेपाली सामाजको धार्मिक अन्धताको विरोध गर्नु पनि उपन्यासको उद्देश्य रहेको छ । यसमा गीताको कर्मवादी दर्शनलाई बढी मात्रामा चर्चा गरिएको छ । पात्रका वादविवादमा मात्र केन्द्रित यस्तो दर्शन गौण रूपमा व्याख्येय छ । यसबाट समाजमा भौतिकवाद र अध्यात्मवादको असन्तुलन रहेको र गीताको कर्मवादी सोचबाट त्यसमा सन्तुलन ल्याउन सकिने धारणा उपन्यासकारले व्यक्त गरेका छन् । मान्छेले निरन्तर रूपमा कर्म गरिरहनु पर्छ भन्ने सन्देश पनि यस उपन्यासमा व्यक्त भएको छ । पैसाका लागि मात्र विवाह गर्ने र पाश्चात्य सभ्यताको अन्धानुकरण गर्नाले विकृत बनेको नेपाली समाजलाई यथार्थ रूपमा देखाउनु पनि यस उपन्यासको उद्देश्य रहेको छ ।

### ४.१.४.७ संरचना

**असन्तुलन** उपन्यास मध्यम आयामको रहेको छ । यसमा जम्मा १३४ पृष्ठ रहेका छन् । यसमा आएको कथावस्तु २४ भागमा समेटिएको छ । यस अन्तर्गत बाऱ्हौ र तेइसौं भाग सबभन्दा छोटा चारचार पृष्ठका छन् भने उन्नाइसौं भाग सबभन्दा लामो तेऱ्ह पृष्ठको रहेको छ । यसको कथानक शृङ्खलित भएर आए पनि त्यो सुगठित छैन । उपन्यासकारको हतारिलो प्रस्तुतिले कथानकको विन्यास खज्मजिएको छ । कथानकलाई संयोगका रूपमा जोडेर धेरै अन्तरालपछि निरन्तरता दिनाले यसमा एकोन्मुखता प्रष्ट रूपमा रहेको देखिँदैन । बिचबिचमा देखापर्ने दर्शनको एकोहोरो वादविवादले यसको कथानक पट्यार लाग्दो बनेको  छ । यति भए पनि यसमा घटेका घटनाहरू भने प्रभावकारी र प्रभावोत्पादक रहेका  देखिन्छन् । यस उपन्यासले नेपाली समाजको वर्गीय असमानता, सांस्कृतिक र सभ्यतागत असमानता एवम् धार्मिक असन्तुलनलाई प्रकट गरेको छ । दार्शनिक क्षेत्रमा चलेको भौतिकवाद र अध्यात्मवादबिचको असन्तुलनलाई गीताको कर्मवादी मान्यताबाट सन्तुलन खोज्ने प्रयास गरिए पनि अन्यत्र व्याप्त असन्तुलन यथास्थितिमूलक ढङ्गबाट प्रकट भएको  छ । यसर्थ समाजका असन्तुलनलाई मुख्य रूपमा व्यक्त गरिएको यस उपन्यासको शीर्षक ‘असन्तुलन’ सार्थक र औचित्यपूर्ण रहेको छ ।

### ४.१.४.८ भाषाशैली

यस उपन्यासमा प्रयुक्त भाषा स्वाभाविक प्रकारको देखिन्छ । पात्रको स्तर, सामाजिक स्थिति र चेतना अनुसारको भाषा यहाँ आएको छ । संवादको अत्यधिक प्रयोग रहेको यस उपन्यासमा विभिन्न स्रोतका शब्दहरू रहेका छन् । यसमा ईश्वर, ग्रामीण, शून्य, पाठशाला, व्यथा जस्ता तत्सम र घर, बहिनी, रोग, नाङ्गो आदि तद्भव शब्दहरूको बाहुल्य पाइन्छ । यस उपन्यासमा मुस्किल, स्मलिङ, ह्याप्पी बर्थ डे, डक्टर, सिरिन्ज, क्यू, क्यासियर आदि तद्भव शब्दहरू पनि आएका छन् । खास गरी यसमा अङ्ग्रेजी मूलका तद्भव शब्दहरू बढी प्रयोग भएका छन् । यसमा प्रायः सरल वाक्यको प्रयोग पाइन्छ । कतिपय ठाउँमा मिश्र, संयुक्त वाक्यको पनि प्रयोग पाइन्छ । आध्यात्मिक व्याख्याका क्रममा प्रायः लामा वाक्यहरू रहेका छन् । प्रस्तुत उपन्यासमा वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । पात्रहरूका कुराकानी पनि यहाँ प्रशस्त रूपमा आएकाले संवादात्मकता पनि रहेको देखिन्छ । दार्शनिक चिन्तनको व्याख्याका क्रममा भाषाशैली केही जटिल बन्न गएको यस उपन्यासमा विषयानुरूप त्यसको प्रयोग पाइनाले स्वाभाविक मान्न सकिन्छ । प्रश्न, घृणा, आश्चर्य, सामान्यार्थक जस्ता वाक्य रहेको यस उपन्यासमा विषयवस्तुको प्रतिपादनमा भाषाशैली बाधक नबनी उपयुक्त रहेको  छ ।

### ४.१.४.९ निष्कर्ष

उपन्यासकार रामप्रासद अर्यालको प्रस्तुत **असन्तुलन** उपन्यास वि.सं. २०४३ मा प्रकाशित भएको हो । जम्मा १३४ पृष्ठ र २४ भागमा आबद्ध यस उपन्यासको कथावस्तु नेपाली समाज र पञ्चायती राजनीतिको सेरोफेरोमा आधारित छ । तृतीय पुरुष दृष्टिबिन्दु रहेको यस उपन्यासमा नेपाली समाजका उच्च, मध्यम र निम्नवर्गीय तीनै प्रकारका पात्रहरू रहेका छन् । तत्कालीन नेपाली समाज र राजनीतिको असन्तुलित यथार्थ परिस्थिति र त्यसबाट पीडित जनमानसका जटिलतालाई मुख्य रूपमा प्रस्तुत गरिएको यस उपन्यासमा सहरी र ग्रामीण दुवै परिवेशको प्रयोग रहेको छ । वर्णनात्मक शैलीमा लेखिएको यो उपन्यास घटना प्रधान रहेको छ । यसमा प्रयुक्त भाषाशैली सरल र स्वाभाविक हुनाका साथै कतिपय सन्दर्भमा तार्किक शैलीको पनि प्रयोग यसमा पाइन्छ ।

## ४.२ अर्यालको कवितात्मक कृतिको अध्ययन

नेपाली भाषामा 'कविता' शब्द तत्सम शब्दका रूपमा प्रयुक्त रहेको छ । 'कवि' शब्दमा 'ता' प्रत्ययको योग भएर 'कविता' शब्दको निर्माण भएको हो । यसको अर्थ कविको कर्म वा कविद्वारा रचित रचना भन्ने हुन्छ । अङ्ग्रेजी भाषामा यसलाई Poetry शब्दले चिनाइन्छ । स्रष्टाका मनमा उत्पन्न भावनाको लयात्मक प्रस्तुति कविता हो । गेयात्मकता यसको विशिष्ट पहिचान हो । यसै तत्त्वबाट साहित्यका अन्य विधाभन्दा कविता महत्त्वपूर्ण र छुट्टै विधा ठहरिएको छ ।

कवितामा शीर्षकले त्यसभित्रको कुतूहलताको सिर्जना गर्दछ । शीर्षक र वस्तुबिच कतै सोझो र कतै साङ्केतिक सम्बन्ध रहेको हुन्छ । यसको बाह्य संरचना भाषाशैलीगत प्राप्ति हो र त्यो कविताका विभिन्न उपविधासँग सम्बन्धित रहेको हुन्छ । कवितामा मुक्त, वर्णमात्रिक, मात्रिक र लोकलयमध्ये कुनै पनि लयको प्रयोग हुन सक्छ । यसै तत्त्वले कविता गेयात्मक बन्दछ । कवितामा अभिधात्मकभन्दा बढी लाक्षणिक र व्यञ्जनात्मक भाषाको प्रयोग हुन्छ । कविताको सौन्दर्यलाई शैलीले प्रकट गरेको हुन्छ । यसमा प्रथम वा तृतीय दुवै दृष्टिबिन्दुको प्रयोग हुन सक्छ । नाटकीकृत कवितामा सम्बोधन एवम् संवादको पनि प्रयोग रहन सक्ने देखिन्छ । कवितामा मानव हृदयका प्रेम, उत्साह, क्रोध, घृणा, हास्य, शृङ्गार जस्ता भावहरू रहेका हुन्छन् । कविले आफ्ना अनुभूतिलाई सार्वजनिक अनुभूतिका रूपमा कवितामा सार्वजनिक गरेको हुन्छ । कविको मुख्य विचार पनि कवितामा सन्देशका रूपमा आएको हुन्छ । कवितालाई खास उद्देश्यका लागि प्रस्तुत गरिने भएकाले कथ्य यसको परिणति हो । बिम्ब विधान, प्रतीक योजना र

अलङ्करणात्मक प्रविधिले कवितालाई उच्चता प्रदान गरेको हुन्छ । यी प्रमुख तत्त्वहरू कविताका जुनसुकै उपविधामा खास अवयवका रूपमा रहेका हुन्छन् । कविता लघुत्तम रूप (मुक्तक) देखि लिएर बृहत् रूप (महाकाव्य) का स्तरसम्म फैलिन सक्छ । यसर्थ कविताका लघुत्तम, लघु, मध्यम र वृहत् रूप यसका उपविधाका रूपमा रहेका हुन्छन् । यसरी कविता मानव हृदयका कोमलतम अनुभूतिको गेयात्मक र लयात्मक प्रकटन हो । कविता विषयवस्तु र स्रष्टाको चाहना अनुसारको भाषाका माध्यमबाट प्रकट हुने गर्दछ ।

## ४.२.१ 'शीर्षक एक कृति अनेक' कवितासङ्ग्रहको विश्लेषण

### ४.२.१.१ परिचय

प्रस्तुत **शीर्षक एक कृति अनेक** कवितासङ्ग्रह कवि रामप्रसाद अर्यालको हालसम्मको अन्तिम कृतिको रूपमा रहेको छ । अर्याल बन्धु प्रकाशक रहेको प्रस्तुत कृति वि.सं. २०६५ सालमा प्रकाशित भएको हो । राजकुमार जोशीले तयार गरेको प्रस्तुत कृतिको आवरण चित्रमा पहेँलो र निलो रङको एउटा चन्द्राकार रहेको छ । त्यसको नजिकै माथिल्लो भागमा गोलो आकारमा त्यसको ज्योति रहेको छ । यस आवरण कलाले धार्मिक चिह्नको स्वरूप झल्काएको छ । यस सङ्ग्रहमा आएका अधिकांश कवितामा ईश्वरीय र धार्मिक विचारको प्रक्षेपण रहेको देखिनाले आवरण र कथ्यबिच सामञ्जस्य पाइन्छ । कविले 'लेखकीय' शीर्षकको लेखमा जीवनको उत्तरार्द्धमा आफूमा देखा परेको धार्मिक आचरणले कविता पारमार्थिक बन्न पुगेको चर्चा गरेका छन् । उनले प्रस्ततु सङ्ग्रह तयार गर्न सहयोग पुऱ्याउने सबैलाई आफ्ना तर्फबाट धन्यवाद दिएका छन् । अर्याल बन्धुले 'प्रकाशकीय' शीर्षकको लेखमा प्रस्तुत कविता सङ्ग्रह स्थायी शान्ति तथा ध्यान प्राप्त गर्नेबारे केन्द्रित रहेकाले यसमा यथार्थपरक विचार रहेको चर्चा गरेका छन् । यस सङ्ग्रहमा जम्मा ४१ वटा कविताहरू सङ्कलित रहेका छन् । यस सङ्ग्रहमा आएका कविताहरूलाई मुख्य रूपमा विषयवस्तु वा भाव र भाषाशैलीका आधारमा क्रमिक रूपमा निम्नानुसार विश्लेषण गरिन्छ :

### ४.२.१.२ विषय/भाव

#### १) जन्म

कवि अर्यालले प्रस्तुत कवितामा दुर्लभ मानव जीवनको गरिमालाई अभिव्यक्त गरेका छन् । उनले चौरासी जुनी घुमिरहने चर्चा गर्दै असल कर्म गर्ने र कर्तव्यको डोरीले बाँधिएर सद्वृत्ति गर्ने मानिसलाई महान् ठानेका छन् । उनले नास्तिक वा आस्तिक

जस्तोसुकै विचार रहे पनि मानिसलाई र उसको जन्मलाई पराधीन मानेका छन् । यसै गरी प्रकृतिलाई बन्धनको घर मान्दै उनले निष्काम कर्ममा मान्छेले निश्वार्थ भएर लाग्नुपर्ने सन्देश यस कवितामा  व्यक्त गरेका छन् । मान्छेका विषयमा प्रकाश पारिएको यस कवितामा मानवीय गौरवता र कर्मशील चरित्रलाई महत्त्वका साथ उठाइएको छ ।

## २) **'म' को** ?

यस कवितामा मान्छेका स्वार्थी र कपट क्रियाकलापलाई अभिव्यक्त गर्दै अर्यालले मान्छेका बिचमा आफूलाई परिचित गराउन मान्छे लालायित बनेको चर्चा गरेका छन् । उनले विवेक, ज्ञान, विद्या र अध्यात्म चरित्र नभएको मान्छेलाई शून्य मानव ठानेका छन् । मायाले ढाकेको मानव जीवनलाई चिनेर सार्थक बनाउनका निमित्त कविले गीताको दर्शनका माध्यमबाट उसलाई ईश्वरीय अंशका रूपमा चित्रण गरेका छन् । खास गरी सत्यको चिन्तन गरेर मान्छेले आफूलाई चिन्न सक्नु पर्दछ भन्ने मूल भाव यस कवितामा प्रकट भएको छ ।

## ३) शरीर

प्रस्तुत कविताभित्र मान्छेको शारीरिक सौन्दर्यलाई र मूल्यलाई मुख्य रूपमा उठाइएको छ । यसमा कवि अर्यालले इन्द्रियहरूबाट सञ्चालित भएका मान्छे धेरै सुविधाभित्र रहेको चर्चा गरेका छन् । यसमा अज्ञात मृत्युको भयले ग्रस्त शरीरप्रति मान्छेको मोहलाई प्रस्तुत गर्दै कविले सम्पूर्ण गुण रहने, इन्द्रियले खेल्ने, मन बुद्धि रमाउने र तुलनै गर्न नसकिने वस्तुका रूपमा मानव शरीरलाई लिएका छन् । यहाँ शारीरिक सौन्दर्य बोध गराई मान्छेमा शरीरप्रतिको निष्ठा र लुब्धतारहित भावनाको विकास हुनुपर्ने सन्देश प्रकट गरिएको छ ।

## ४) मान्छे

यस कवितामा मान्छेका विचार र व्यवहारलाई कावितात्मक अभिव्यक्ति प्रदान गरिएको छ । यसमा कविले मान्छेको भौतिक, बौद्धिक र साँस्कृतिक विकासलाई निरन्तरतापूर्वक प्रस्तुत गरेका छन् । कविले शक्तिशाली मान्छेमा न्याय र कमजोर मान्छेमा अन्यायको पोको रहने विचार राखेका छन् । ईश्वरीय अंश रहे पनि प्रकृतिमा फसेको मान्छे समदर्शी भएर पुरुषार्थमा तत्पर रही बाँच्नुपर्ने सन्देश यहाँ व्यक्त भएको छ । यसमा देव र दानवभन्दा पनि माथि रहेर ठीक बेठीक छुट्याउने जातिका रूपमा मान्छेलाई निरन्तर क्रियाशील ठानिएको  छ ।

### ५) मन

मनलाई अदृश्य तर मान्छेका बिचमा फाटो ल्याउने र सङ्कल्पक शक्तिका रूपमा यहाँ चर्चा गरिएको छ । कविका अनुसार गति र बलमा अगाडि रहेको मन अमर छ र यसले बुद्धि, विचार एवम् चित्तको घोडा चढ्ने गर्दछ । इन्द्रियलाई वशमा राख्ने मनलाई मान्छेले आफ्नो अधीनमा ल्याउनु पर्छ भन्दै उनले मनकै माध्यमबाट ठूलाठूला काम सम्भव हुने बताएका छन् । यसमा मान्छेले मनलाई आफ्नो वशमा लिएर चाञ्चल्यरहित कर्मशील बानीको विकास गर्नुपर्ने सन्देश प्रकट भएको छ ।

### ६) परम्परा

यस कवितामा मान्छेका  परम्परालाई पुस्तागत रूपमा विकसित उपहारका रूपमा चर्चा गरिएको छ । खास गरी धार्मिक र साँस्कृतिक परम्परालाई देशकाल अनुकूल मान्दै कविले यहाँ सहयोगी परम्परालाई भावनाको विकासमा रूपमा चर्चा गरेका छन् । उनले अन्ध परम्पराको अन्धानुकरण गर्ने मान्छेप्रति यहाँ व्यङ्ग्य भाव प्रकट गरेका छन् । इतिहास, वंश र पर्वप्रतिको सम्मान ठान्दै परम्परालाई मानवीय हितका निम्ति अवलम्बन गर्नुपर्ने सन्देश यस कवितामा व्यक्त भएको छ ।

### ७) विचार

कवि अर्यालले यस कवितामा मान्छेको विचारलाई सृजनाको स्रोतका रूपमा चिनाएका छन् । उनले विचारबाट मन, मनबाट शरीर चल्ने हुनाले यसलाई वीजका रूपमा लिएका छन् ।  यहाँ सूक्ष्मतम शून्यका बिच घर्षण भएपछि विचार जन्मने बताउँदै कविले क्रमिक रूपमा मान्छेको मस्तिष्कमा विचार प्रवाहित रहने उल्लेख गरेका छन् । यसलाई ईश्वरीय उपहार मान्दै उनले रूपान्तरणकारी भूमिकाबाट यसको प्रयोग गर्नुपर्ने उल्लेख गरेका छन् । यस कवितामा मान्छेलाई शुद्ध र बुद्ध बनाउनका निम्ति विचारलाई मुख्य तत्त्व ठान्दै यसको सही प्रयोग गर्न मान्छेलाई आग्रह गरिएको छ ।

### ८) विवेक

यस कवितामा हरेक वस्तुलाई तार्किक रूपमा हेर्ने वैचारिक शक्ति नै विवेक हो भन्दै यसको गुणवत्तालाई उजागर गरिएको छ । विवेकले अनुसन्धानको विस्तार, अपूर्णतामा पूर्णता, मानवीय उत्थान जस्ता हितकारक कर्ममा सहयोग पुऱ्याउने तर्क

कविको छ । ज्ञान विज्ञानबिच, जड चेतनबिच, प्रकृति र पुरुषबिच सम्बन्ध स्थापना गर्ने तत्त्व विशेष नै विवेक हो भन्दै कविले यसैका माध्यमबाट मान्छेका माझ निर्भय वातावरण सृजना गर्नुपर्छ भन्ने सन्देश दिएका छन् ।

## ९) ज्ञान

ज्ञान कवितामा मान्छेका विविधतामय व्यवहारलाई ज्ञानको उपजका रूपमा चर्चा गरिएको छ । कविले ज्ञानका कारण मान्छेका अहङ्कार नष्ट भई ऊ पृथ्वीको विशेष प्राणीका रूपमा रहेको चर्चा गरेका छन् । यसमा ज्ञानका कारण मान्छे सकारात्मक नकारात्मक व्यवहार गर्छ भन्दै ज्ञानवान् व्यक्ति परहितका कारण ईश्वर नजिक पुग्छ भन्ने चर्चा गरिएको छ । अन्धकारमय बनेको संसारलाई ज्ञानले ज्योति प्रदान गर्ने भएकाले ज्ञानका निमित्त मानिस तत्पर रहनु पर्ने सन्देश यस कवितामा व्यक्त भएको छ ।

## १०) आफ्नोपन

प्रस्तुत कवितामा कवि अर्यालले मान्छेका निजी व्यवहारलाई कविताको स्वरूप दिएका छन् । उनले मान्छेभित्रका सत्-असत्, उच्च -निच जस्ता चरित्रलाई निजी स्वभावका रूपमा चर्चा गरेका छन् । यसमा कवि मान्छेका नास्तिक-आस्तिक चरित्रलाई उसकै पारिस्थितिक सन्दर्भसँग व्याख्येय ठान्दछन् । हरेक मान्छेमा आ-आफ्ना परम्पराबाट खासखास व्यवहारहरू रहेका हुन्छन् भन्ने कुरा यस कवितामा व्यक्त भएको छ । कविले मान्छे जहाँ रहे पनि उसले आफ्नो परम्परा र रीतिरिवाजलाई भुल्न नहुने सन्देश यस कवितामा दिएका छन् ।

## ११) जीवनपन

यस कवितामा भविष्यप्रति निष्ठावान र आशावादी भई लागिपर्ने मान्छेका अस्तित्ववादी सोचलाई व्यक्त गरिएको छ । हेरक प्राणीमा मान्छेको जीवन नै मुख्य रहेको ठान्दै कविले ज्ञानका कारण मान्छे भविष्यवेत्ता र त्यसको निर्माता बनेको चर्चा गरेका छन् । जीवनलाई सकारात्मक सक्रियता र गतिशीलता ठान्दै उनले यसभित्र जड तत्त्व रहे पनि व्यवस्थामा आबद्ध गरेको चर्चा गरेका छन् । यसमा मान्छेले जीवनबोध गरी नीतिका माध्यमबाट कर्मशील र धर्मशील बन्नुपर्ने सन्देश प्रकट गरिएको छ ।

## १२) ओरालो लागेको भविष्य

यस कवितामा मजदुर र निम्न वर्गीय व्यक्तिका निश्चल र दुःखपूर्ण जीवनलाई प्रस्तुत गरिएको छ । आवश्यक सम्पत्ति र ज्ञानको विकास नभएकाले दयनीय जीवन भोग्न बाध्य उनीहरूका यथार्थ अवस्थालाई यहाँ देखाइएको छ । यसमा असल बनेर देश विकास, धर्म सँस्कृतिको जगेर्ना र शान्तिको सञ्चार गर्नुपर्ने भाव व्यक्त भएको छ । आजका मान्छेहरू धनको तुजुकमा स्वेच्छाचारी बन्दै गएको र गन्तव्यको निशानालाई भुलेको अवस्थाप्रति कविले व्यङ्ग्य प्रहार गरेका छन् । मान्छेभन्दा पनि शक्तिशाली तत्त्व ईश्वर छ भन्दै मान्छेले उसको अस्तित्व स्विकारी भविष्यप्रति सजग रहनपर्ने सन्देश यस कवितामा व्यक्त भएको छ ।

## १३) कर्म

प्रस्तुत कवितामा मान्छेको व्यस्तता, उन्नतिशील सोचाइ र सकारात्मक क्रियाकलापलाई खास कर्मको रूपमा बयान गरिएको छ । अन्तरिच्छाबाट कर्मको भाव जागरण गरी मान्छेले आफूभन्दा निर्धालाई सहयोग गर्नुपर्ने कुरा यहाँ व्यक्त भएको छ । कर्मलाई पूजा मान्नु पर्ने बताउँदै कविले यहाँ फाइदाका निम्ति मात्र काम गर्ने मान्छेलाई उपहास गरेका छन् । यसमा शक्तिलाई सञ्चय गरी सानै कामबाट मानव र समाजका निम्ति सेवाको कार्य प्रारम्भ गर्न आजका मान्छेहरूलाई सन्देश दिइएको छ ।

## १४) धर्म

प्रस्तुत कवितामा मान्छेका धार्मिक विविधतालाई प्रस्तुत गर्दै त्यसभित्रको आडम्बरलाई उपहास गरिएको छ । तीर्थ, व्रत, ईश्वरीय विविधता मान्छेका सहज धार्मिक प्रक्रिया हुन् भन्दै कविले धर्ममा भावको संश्लेषणलाई अनिवार्य रूपमा व्याख्या गरेका छन् । खास गरी स्वच्छ भाव र सुकर्म नै धर्म हो भन्दै कविले मान्छेमा व्यावहारिक र वैचारिक शुद्धता रहनुपर्छ भनेका छन् । स्वार्थमा डुबेको मान्छेलाई असल क्रियाकलपका माध्यमबाट देखावटीभन्दा भित्री रूपबाट सिर्जित भावमा रमाई सहयोगी भावनाको विकास गर्नुपर्ने सन्देश यस कवितामा व्यक्त भएको छ ।

## १५ योग

यस कवितामा कवि अर्यालले कर्ता, कर्म र करणबिचको सम्बन्धलाई योग मानेका छन् । उनले योगलाई विछोडको विपरीत मिलनका रूपमा चर्चा गर्दै यसलाई ईश्वरीय शक्तिसँग समाविष्ट गरेका छन् । मान्छे आफैंमा कर्ता नभई उसभित्रको अदृश्य तत्त्वलाई कर्ता स्विकार्दै अर्यालले मान्छे करण वा माध्यम बनेको चर्चा गरेका छन् । मृत्यु पश्चात्

मान्छेको आत्मा ईश्वरमा मिल्ने भएकाले मान्छेका कर्म त्यसको निर्धारक रहेको कुरा यहाँ व्यक्त भएको छ । यसमा ईश्वरीय निकटता प्राप्त गर्न मान्छेले राम्रो कर्म गर्नु पर्ने सन्देश प्रकट भएको छ ।

**१६) शान्ति**

यस कवितामा कवि अर्यालले धनी, गरिबबिचको खाडल बढ्दै गएका कारण मान्छेमा अशान्ति मच्चिएको र धर्तीको ठाउँठाउँमा धाँजा फाटेको चर्चा गरेका छन् । उनले मान्छेमा व्याप्त असमानताको विरोध गर्दै समानताबाट शान्ति आउन सक्ने धारणा यहाँ राखेका छन् । उनले शान्तिलाई सृजनशीलतासँग जोड्दै सरल जीवन यापन गर्नु र अरूको हितका निम्ति निश्वार्थ लागिपर्नु पर्ने विचार यहाँ राखेका छन् । उनले राग द्वेष र द्वन्द्व भुलेर मानवीय मूल्यको ख्याल गर्दै दिव्यतामा रमाउनु नै शान्ति हो भनेका छन् । मान्छेले चाहेमा शान्ति सजिलै प्राप्त हुन्छ भन्ने कुरा यहाँ प्रकट भएको छ ।

**१७) भक्ति**

यस कवितामा गृहस्थीले गर्ने व्रत, पाठ, दान, पुण्य जस्ता पितृकार्य र देवकार्यलाई भक्तिको विषयका रूपमा चर्चा गरिएको छ । भक्तिकै कारण मान्छेले आफूलाई परमेश्वरको अंश ठानेको, निर्धा व्यक्तिलाई सहयोग गरेको तथा ठीक बेठीक छुट्याएर सन्तुष्ट रहेको उनले उल्लेख गरेका छन् । यसमा चिन्ताबाट मुक्ति पाउन, जीवनमा मङ्गल कायम गर्न तथा वैरभावको विनाश गर्न भगवानको भक्ति गर्नुपर्ने सन्देश प्रकटीकृत भएको छ ।

**१८) स्वभाव**

यस कवितामा मान्छेका प्राकृतिक गुणहरूलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । उनले जीव र आत्माको सम्बन्ध झैं मान्छेको स्वभाव र वीजको सम्बन्ध हुन्छ भनेका छन् । उनी एउटै गमलामा दुई थरी फूल रहेजस्तै मान्छेमा स्वभावगत भिन्नता रहने तर्क राख्दछन् । उनले मान्छेको स्वभावलाई गुरुकृपा र सत्सङ्गले बदल्न सकिन्छ भन्दै यसलाई शान्ति र प्रेमको प्रतीक मानेका छन् । यस कवितामा धार्मिक मूल्य मान्यताबाट मान्छेका गलत आचरणलाई सुधार गर्नु पर्ने सन्देश प्रकट भएको छ ।

**१९) प्रकृति**

'प्रकृति' कवितामा कवि अर्यालले सृष्टिको सौन्दर्यको महिमा गान गर्दै प्रकृतिमा निहित समानतालाई मुख्य विषयका रूपमा प्रस्तुत गरेका छन् । उनले मान्छेलाई प्रकृतिका सन्तान मान्दै प्रकृतिकै हरियालीमा मान्छे थुनिएको छ भन्ने विचार राखेका छन् । प्रकृतिमा ईश्वरीय तत्त्व प्राप्त गर्न सकिने, पञ्चतत्त्वको संश्लेषण पाइने र प्राणीका निम्ति आहार प्राप्त गर्न सकिने धारणा उनले राखेका छन् । यसमा प्रकृतिबाट मान्छेले सभ्यताको पाठ सिक्दै यसको संरक्षण गर्नुपर्ने सन्देश दिइएको छ ।

## २०) पृथ्वी

यस कवितामा पृथ्वीको चीर यौवनाको महिमा गान गर्दै त्यसमा मान्छेले मच्चाएका विद्रूपतालाई विषयवस्तुका रूपमा लिइएको छ । पृथ्वीको सहनशील आचरणलाई बेवास्ता गर्दै मान्छेले गरेका शोषण, गुन्डागर्दी, राज्यभोग, दुराचार जस्ता व्यवहारप्रति कवि आक्रोशित बनेका छन् । पृथ्वीलाई उर्बरताको खानी मान्दै कविले यस कवितामा मान्छेका विकृत आचरणको निन्दा गरेका छन् । मान्छेका हरेक आवश्यकतालाई पुरा गर्ने सामर्थ्य भएको पृथ्वीबाट हामीले धेरै कुरा सिक्नुपर्ने सन्देश यस कवितामा व्यक्त भएको छ ।

## २१) चार वर्ण

यस कवितामा कवि अर्यालले मान्छेका व्यवहारमा चार वर्णहरूलाई मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । पानी चल्ने नचल्ने, शोषित पीडित परम्पराबाट मान्छेले जातिको निर्माण गरेर विकासपथलाई रोकेको कुरा उनले व्यक्त गरेका छन् । ब्राह्मणको ज्ञान, क्षत्रीको बाहुबल, वैश्यका कृषि व्यापार र शूद्रका सरसफाइ जस्ता व्यावसायिक कार्यहरू उनका दृष्टिमा अपाच्य बन्दै गएका छन् । उनले पुरुषार्थ, बाहुबल, कृषिकर्म, तनमनको शुद्धीकरण सबै मानिसमा हुनुपर्ने कुरा औंल्याएका छन् । यसमा जातको सङ्कीर्णता त्यागी मान्छे पूर्ण मानव बन्नु पर्छ भन्ने सन्देश प्रकटित भएको छ ।

## २२) संस्कार

यस कवितामा मान्छेका परम्परागत क्रियाकलापलाई संस्कारका रूपमा लिँदै त्यसलाई कुन रूपमा ग्रहण गर्ने भन्ने कुरा बताइएको छ । उनका दृष्टिमा संस्कारलाई परिष्कार गर्दै युग र समय अनुकूल मान्छेले त्यसलाई ग्रहण गर्दै जान्नु पर्दछ । उनी विदेशीको इशारामा आफ्ना संस्कारलाई बिर्सने मान्छेप्रति यहाँ विमति प्रकट गर्दछन् ।

उनले संस्कारलाई रूपान्तरण गर्दै हरेक मान्छेलाई ईश्वरको अंश ठानेर माङ्गलिक कर्म गर्नु पर्दछ भन्ने सन्देश यहाँ व्यक्त गरेका छन् ।

## २३) शक्ति

कवि अर्यालले यस कवितामा मान्छेले स्थापना गरेका नियमसम्मत शक्ति र ईश्वरका शक्तिले आजित भएका मान्छेलाई मुख्य विषय बनाएका छन् । मान्छेले आफैं अदृश्य शक्तिको स्थापना गरेर त्यसैको भयबाट त्रस्त रहेको अवस्थालाई उनी व्यङ्ग्य गर्दछन् । उनले शक्तिलाई हरेक वस्तुमा निहित र स्वयम् प्रकाशित ठानेका छन् । यस्तो अदृश्य शक्तिमा उनी ईश्वरीय अंश रहेको ठान्दछन् । सत्त्व गुणको उदय गराएर मान्छेले आफ्नो सकारात्मक क्रियाकलापलाई परहितसँग जोड्नु पर्छ भन्ने सन्देश यस कवितामा व्यक्त भएको छ ।

## २४) युद्ध

मान्छेका पारस्परिक विमनषताबाट उत्पन्न अन्तर्कलहलाई यस कवितामा व्यक्त गरिएको छ । एक अर्काका सुख-दुःख, उन्नति-अधोगति, हाँसो-रोदन जस्ता द्वन्द्वबाट युद्ध सिर्जना हुने कुरा यहाँ व्यक्त भएको छ । मान्छेले बाध्यतावश चाहेको कुरा पाउँदैन र पाएको कुरा गुमाउँछ भन्दै उनले तृष्णाबाट मुक्त हुन सके मात्र यसबाट छुटकारा पाउँछ भन्ने सन्देश दिएका छन् । काम, क्रोध, लोभ, मोहबाट टाढै रहनु तथा शरीर, मन र जीवात्मालाई संयोजनमा बाँधेर मान्छेले शक्तिलाई युद्धमा भन्दा सिर्जनात्मक कार्यमा लगाउनुपर्छ भन्ने भाव यहाँ व्यक्त भएको छ ।

## २५) परिवर्तन

यस कवितामा कवि अर्यालले क्षण क्षणमा परिवर्तन हुने मान्छेका स्वभावलाई प्रस्तुत गरेका छन् । निरीह व्यक्तिको छट्पटी, वलशाली व्यक्तिका व्यस्तता र मान्छेले मान्छेलाई गर्ने कपटपूर्ण व्यवहारका कारण उसको स्वभाव घृणित कार्यमा परिवर्तन भई रहेको सन्दर्भ यहाँ व्यक्त भएको छ । भौतिक वस्तुको सुविधामूलक प्राप्तिमा मान्छे कसरी घमण्डी हुँदै गइरहेछ भन्ने कुरालाई यहाँ व्यक्त गरिएको छ । कविका अनुसार परिवर्तन प्रकृतिको शाश्वत् नियम भए पनि मान्छेले परस्परमा दम्भरहित भएर कार्य गर्नु पर्दछ भन्ने सन्देश यहाँ व्यक्त भएको छ ।

## २६ नियन्त्रण

समग्र प्रकृतिमा र त्यसको उपज रहेको मान्छेका व्यवहारमा देखा पर्ने नियन्त्रणलाई यस कवितामा प्रस्तुत गरिएको छ । कविले यहाँ बगर-नदी, जनता-सरकार, गुरु-शिष्य, भगवान-जीव, पिता-पुत्र र ज्ञान-विज्ञान परस्परमा नियन्त्रित भएको चर्चा गर्दै संसारै नियन्त्रणको खेलमा नाचेको उल्लेख गरेका छन् । उनका अनुसार येशु, बुद्ध,र गान्धीका विचारमा मान्छे आफैं बाँधिने वा प्रवल शासक बनेर अरूलाई आफ्नो नियन्त्रणमा लिने तर्कना मान्छेमा रहेको छ । उनले मान्छेलाई तिर्सनाले नियन्त्रणमा लिएको छ भन्दै शारीरिक र मानसिक दौर्वल्यलाई मान्छेले काबुमा राख्नु पर्ने बताएका छन् । दया, करुणा र प्रेम मान्छेमा हुनुपर्छ र यसैबाट नियन्त्रित भई आफ्नो भलाइ गर्नुपर्ने भाव यहाँ व्यक्त भएको छ ।

## २७) विज्ञान

विज्ञानको अतिशय विकास र त्यसको जटिल परिणामलाई यस कवितामा व्यक्त गरिएको छ । कविले मान्छेकै इच्छाशक्तिमा विज्ञानको स्थापना भएको, यसबाट मान्छे चकित बनेको र व्यावहारिक भोगाइ र हेराइ नै विज्ञान हो भन्ने धारणा व्यक्त गरेका छन् । उनले विज्ञानलाई मानवहितमा मात्र प्रयोग गर्नु पर्ने उल्लेख गर्दै त्यसको संहारकारी नकारात्मक परिणामबाट मान्छे टाढा रहनुपर्ने सन्देश यहाँ अभिव्यक्त गरेका छन् ।

## २८) गुरु

यस कवितामा गुरुको महिमा गान गर्दै गुरुप्रति श्रद्धा भाव प्रकट गरिएको छ । गुरु ज्ञानका प्रदायक, सिर्जनाका मुहान, पथ प्रदर्शक भए पनि मान्छेले आफ्नो गरिमालाई पनि प्रदर्शन गर्नु पर्ने कुरा यहाँ व्यक्त भएको छ । जस्तोसुकै सङ्कटबाट बचाउने गुरुले मायाको  र लोभको जालो हटाएर हामीलाई जीवन बाँच्न सिकाउँछन् भन्ने भाव यहाँ रहेको छ । गुरुका सत्कृपाको पालना गर्दै मान्छेले ज्ञानवान् प्राणी बन्नु पर्ने सन्देश यहाँ व्यक्त भएको  छ ।

## २९) सत्संग

आफ्नो कर्तव्यबाट विचलित भएका व्यक्तिलाई सत्सङ्गले सही बाटो देखाउँछ भन्दै यसमा सत्सङ्गलाई त्यसको आवश्यक माध्यम मानिएको छ । मान्छे हरेक मानसिक

रुग्णताबाट तँछाड मछाड गर्दै अघि बढ्ने चाहनाले ग्रसित बनेका बेला सत्सङ्गले त्यस्तो मोहको निराकरण गर्ने सामर्थ्य राख्छ भन्ने कुरा यहाँ अभिव्यक्त भएको छ । कविले संसारलाई भोग र रोगका रूपमा चर्चा गर्दै सद्‌गुण, सदाचार र ठोस कर्तव्यका निम्ति सत्सङ्ग अपरिहार्य रहेको ठानेका छन् । मान्छे कुकर्मको मार्ग त्यागी सत्सङ्गमा रमाउँदै वास्तविक रूपमा मान्छे बने मात्र उसको जन्म सफल हुन्छ भन्ने सन्देश यस कवितामा व्यक्त भएको छ ।

### ३०) अध्यात्म

कवि अर्यालले यस कवितामा भौतिक उन्नतिका खोजमा बिरक्तिएको मान्छेलाई आध्यात्मिक ज्ञानले शान्ति मिल्छ भन्ने विषय प्रस्तुत गरेका छन् । अध्यात्म विद्यालाई सही रूपमा उपयोग गर्नु, भक्ति, समता, दिव्यता र निष्काम चेतनालाई उजागर गर्नु मान्छेको शान्तिकामी चरित्र हो भन्ने धारणा उनले प्रकट गरेका छन् । अध्यात्मिक ज्ञानले मान्छेलाई ईश्वरनिकट पुऱ्याउँछ भन्दै उनले रागद्वेष निराकरण गरी मान्छेले मनको ईश्वरलाई प्रमुख श्रद्धेय मान्नु पर्ने सन्देश दिएका छन् । स्वार्थमा डुबेका  मान्छेलाई आध्यात्मिक ज्ञानले शान्ति प्रदान गर्ने भएकाले मान्छे आध्यात्मिक बन्नु पर्छ भन्ने उद्देश्य यस कवितामा प्रकटीकृत भएको छ ।

### ३१) भगवान

प्रस्तुत कवितामा अर्यालले भगवान प्राप्तिमा मान्छेका सोचाइ र काम गराइलाई व्यक्त गरेका छन् । यसमा मूर्तिसामु मनका कुरा पोख्ने र पारस्परिक सीमा तोक्ने मान्छेका एकल चरित्रलाई प्रकाश पारिएको छ । कविले नैतिकताको मूल्य प्रदान गर्ने भगवानलाई सदाचार, ज्ञान र धर्मबारे प्रष्टसाथ खुलासा गर्ने तत्त्व ठानेका छन् । मान्छेले जतिसुकै सङ्कीर्ण धारणा राखे पनि भगवान सर्वत्र एकत्व भएर रहने र साझा आराध्य भएर जीवनमुक्ति दिलाउने समर्थशाली हुन् भन्ने कुरा यहाँ आएको छ । यस कवितामा मानवरूप नै ईश्वर हुन् भन्दै मान्छेबिच निःस्वार्थ व्यवहार रहनु पर्ने सन्देश प्रकट भएको छ ।

### ३२) आशीर्वाद

यस कवितामा कवि अर्यालले आफ्नो जीवनकालमा आफूले पाएका आशीर्वादहरूलाई प्रस्तुत गरेका छन् । उनले यहाँ शिशुदेखि वर्तमानसम्मको आशीर्वाद परम्परालाई संस्मरणात्मक रूपमा व्यक्त गरेका छन् । यसमा अरूलाई दिइने आशीर्वादमा

अन्य आवश्यक पक्षको अभाव रहने चर्चा गरिएको छ । एउटा आशीर्वाद दिँदा अनेक शुभेच्छाहरू छुट्छन् भन्दै कविले आशीर्वादलाई व्यावहारिकता प्रदान गर्न सक्नु पर्छ भनेका छन् । आशीर्वादले मात्र जीवन पूर्ण हुँदैन र यसलाई मान्छेले सङ्घर्षमा उतार्नु पर्छ भन्ने सन्देश यहाँ व्यक्त भएको छ ।

### ३३) समन्वय

यस कवितामा कवि अर्यालले हरेक वस्तुमा रहने पूर्ण अंशमा अनेक तत्त्वको समन्वय रहने कुरा व्यक्त गरेका छन् । वृक्ष, मान्छे, प्रकृति जस्ता हरेक वस्तुमा ससाना सूक्ष्म तत्त्वको पारस्परिक समन्वय हुन्छ भन्ने कुरा यहाँ व्यक्त भएको छ । जड, चेतन, सत्य र शक्तिको समन्वय भएको प्रकृतिभन्दा मान्छे विवेकले भिन्न भएको उल्लेख गर्दै उनले राग, द्वेष र स्वीकृतिको पुञ्जका रूपमा मान्छेलाई लिएका छन् । उनले अ, ऊ र मबाट ॐ तथा तेल, धागो र ज्योतिबाट बत्ती बने जस्तो मान्छे सुकृतिले प्रज्वलित रहनुपर्छ भन्ने सन्देश यसमा व्यक्त गरेका छन् ।

### ३४) प्रीत

यस कवितामा मान्छेमा हुने प्रेम र सकारात्मक विचारलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ । मान्छे जतिसुकै व्यावहारिक र व्यस्त रहे पनि उसमा प्रीति तत्त्व रहनु पर्छ भन्ने कुरा यहाँ आएको छ । शरीरका जुनसुकै भाग मूल्यवान रहे जस्तै मान्छेका सोचाइ, हेराइ र बानीमा प्रीत प्रकट हुनुपर्छ भन्दै कविले घमण्ड तोडेर परोपकारी बन्नु पर्ने बताएका छन् । यस कवितामा प्रेमले मान्छेलाई सही रूपमा मान्छे बन्न सघाएको हुनाले दुर्गुणको निराकरण गरी उसले प्रीतको सारलाई भुल्न नहुने सन्देश व्यक्त भएको छ ।

### ३५) सेवा

कवि अर्यालले व्यावसायिक बन्दै गएका आजका मान्छेमा स्वार्थी चरित्र देखा परेको कुरालाई यस कवितामा व्यक्त गरेका छन् । डाक्टर राजनीतिज्ञ, व्यापारी, शिक्षक, कर्मचारी आदि पेसाका मान्छेले सेवाका नाममा अवलम्बन गरेका विकृत आचरणलाई उनले व्यङ्ग्य गरेका छन् । सेवा गर्नका लागि मान्छेमा सकारात्मक सोच सिर्जना हुनु पर्ने बताउँदै उनले अरूका अभावलाई पुरा गर्न सक्ने निस्काम भावनाको मान्छेलाई असल सेवक ठानेका छन् । यसमा प्राप्तिको घमण्डभन्दा समर्पणको विचार भएका

मान्छेलाई असल ठान्दै हरेक मान्छेमा यस्तो चेतना विकास हुनु पर्ने भाव व्यक्त गरिएको छ ।

**३६) दाग**

प्रस्तुत कविता मान्छेका नकारात्मक चरित्रले उसका व्यवहारमा कलुषता ल्याउँछ भन्ने विचारमा संरचित देखिन्छ । आजका मान्छेमा विकसित दूषित विचारले उसका व्यवहारहरू प्रदूषित भएको देखेर कवि दिक्क बनेका छन् । मद, मोह, राग, अभद्रता, कुतर्क, कुदृष्टि आदिले मान्छेमा कलङ्क सिर्जना गरेको ठान्दै कविले निस्वार्थ व्यवहारले यसको निराकरण गर्नु पर्ने बताएका छन् । गतल क्रियाकलापले भावी पुस्तामा कलङ्क सिर्जना गर्ने र विधिको प्रहार सहनु पर्ने  छ भन्दै कविले यसमा मान्छेलाई त्यसको भय देखाई सुविचारी बन्न आग्रह गरेका छन् ।

**३७) बानी**

प्रस्तुत कवितामा कविले मान्छेका असल र खराब बानीलाई मुख्य विषयवस्तु बनाएका छन् । उनले समाजमा रहेका हरेक मान्छेमा भिन्नभिन्न व्यवहार र चरित्र देखा पर्नुमा उनीहरूका बानीलाई कारक ठानेका छन् । उनी मान्छेका सङ्गतले असल र खराव बानीको निर्धारण गर्ने भएकाले मानिस आन्तरिक रूपमै सरल र निःस्वार्थी बन्नु पर्ने बताउँछन् । मान्छेले अरूका लागि धर्म र आफ्ना लागि कर्म गर्नु पर्ने उल्लेख गर्दै उनले मान्छेलाई भित्री रूपमा असल बन्न आग्रह गरेका छन् । यसमा शरीरलाई ईश्वर बस्ने मन्दिर ठानेर मान्छेले धार्मिक वृत्तिबाट बानीमा सुधार गर्नुपर्छ भन्ने सन्देश व्यक्त भएको छ ।

**३८) स्वार्थ**

यसमा कवि अर्यालले मान्छेमा देखा पर्ने स्वार्थी चरित्रलाई मुख्य रूपमा प्रस्तुत गरेका छन् । उनका अनुसार सृष्टिको प्रारम्भदेखि नै मान्छे अरूका लागि कम र आफ्ना लागि बढी सोच्न थालेको हो । यस्तो एकोहोरो सोचाइले मान्छे अरूभन्दा मान्छेकै शत्रुका रूपमा बढी भयभीत हुन थालेको चर्चा उनले गरेका छन् । बाहिर निःस्वार्थको वकालत गरे पनि भित्री रूपमा कपट बनेका मानछेलाई उनले व्यङ्ग्य गरेका छन् । उनले निःस्वार्थ संसार चल्न कठिन रहने बताउँदै महापुरुषका चरित्रबाट दानवी वृत्तिको निराकरण गरी सद्गुणको विकास गरी असल बन्नु पर्ने सन्देश व्यक्त गरेका छन् ।

## ३९) स्वरूप

यस कवितामा मान्छेका वैविध्यपूर्ण स्वरूपलाई प्रधान विषयका रूपमा प्रकट गरिएको छ । कविका विचरमा मान्छेले पहिले आफूभित्र पसेर आफैलाई चिन्नु पर्छ र संसारलाई निजत्वको पिंजडामा थुन्न सक्नु पर्दछ । संसारको छल प्रपञ्चमा नलागी मानिस सदाचारबाट संसारको श्रेष्ठ प्राणी बन्नु पर्ने तर्क उनले व्यक्त गरेका छन् । मान्छेका वैचारिक स्वरूप परिवर्तनशील हुने ठान्दै उनले असल विचारको दृढतामा मान्छे रमाउनु पर्छ भनेका छन् । यसमा अन्तर्दृष्टि खोलेर पहिले आफूलाई चिन्नु पर्ने र संसारलाई यसै सरलतामा डोहोऱ्याउनु पर्ने भाव व्यक्त भएको छ ।

## ४०) एकादेश

यसमा आफू बाँचेको परिवेशमा मान्छे कसरी एक्लो हुन्छ भन्दै उसका विडम्बनालाई व्यक्त गरिएको छ । असल विचारको पराजय, सहिदका सालिकमा असंरक्षण , आन्दोलनका अनिष्ट परिणाम आदिले मान्छेको जीवन भोगाइलाई प्रभावित पारेको कुरा उनले चर्चा गरेका छन् । यसमा शक्तिसम्पन्न मान्छेले निरीह व्यक्तिलाई विभिन्न आरोप लगाएर पन्जामा पारेका छन् भन्दै कविले त्यस्ता पीडित जनताका अप्ठ्यारा परिस्थितिलाई अनावरण गरेका छन् । ठूलो वस्तुको प्राप्तिमा मोहित बन्नाले मान्छे अरूप्रति  प्रतिकूल आचरण गर्छ भन्दै उनले जहाँ रहे पनि मानिसले शान्त परिवेशको सिर्जना गर्नु पर्ने सन्देश दिएका छन् ।

## ४१) मृत्यु

मानवजीवनलाई व्यर्थमा फाल्ने मान्छेका अकर्मण्यतालाई यस कवितामा व्यक्त गरिएको छ । कविले मानवजीवनलाई मूल्यवान ठान्दै मान्छे सानो अवसरबाट पनि धेरै माथि पुग्न सक्ने चर्चा गरेका छन् । मृत्युको भयले आतङ्कित बनेका मान्छेलाई यसै बिचबाट आफ्नो अस्तित्व बचाउनु पर्ने तर्क उनले प्रस्तुत गरेका छन् । कविता अनुसार पृथ्वी कारागार हो र मृत्यु त्यसबाट छुट्कारा हो । यस्तो मुक्ततालाई मान्छेले सहज स्वीकार्य नठानी असल कार्यको परिणाम मान्नु पर्ने कुरा कविले व्यक्त गरेका छन् । यस कवितामा मान्छे जतिसुकै बेला मृत्युको मुखमा पर्न सक्ने भएकाले जीवनलाई सार्थक बनाउन सही र सकारात्मक कर्म गर्नु पर्ने सन्देश प्रकटीकृत भएको छ ।

## ४.२.१.३ भाषाशैली

प्रस्तुत **शीर्षक एक कृति अनेक** कवितासङ्ग्रहमा अधिकांश कवितहरू , ईश्वरीय चिन्तन, पारमार्थिक आकाङ्क्षा र पौराणिक मान्यतामा आधारित छन् । धार्मिक विषयवस्तुमा आधारित यस सङ्ग्रहभित्रका कवितामा यसै अनुरूपका ब्रह्माण्ड, धर्म, लोभ, मोह, वैश्य, शूद्र, सृष्टिकर्ता, स्वर्ग, नर्क जस्ता तत्सम शब्दहरूको आधिक्य पाइन्छ । कविले विषयवस्तुका आधारमा  सान्दर्भिक रूपमा यस्ता शब्दहरूको प्रयोग गरेको देखिन्छ । यस बाहेक तद्भव र आगन्तुक शब्दहरू पनि यस सङ्ग्रहभित्र केही प्रयोग भएको पाइन्छ ।

यस कवितासङ्ग्रहमा मुख्य रूपमा वर्णनात्मक शैलीको प्रयोग पाइन्छ । कविले विषयवस्तुसँग सम्बन्धित भएर आफ्ना अनुभूतिलाई वर्णनात्मक रूपमा प्रस्तुत गरेका छन् । यसका अतिरिक्त ‘सत्संग’, ‘दाग’, जस्ता कवितामा कवि अर्यालले तार्किक शैलीको प्रयोग गरेको देखिन्छ । उनले ‘भक्ति’, शान्ति, धर्म र ओरालो लागेको भविश्य जस्ता कविताहरूमा संवादात्मक, सम्बोधनात्मक र आत्मपरक शैलीको प्रयोग गरेका छन् । यस सङ्ग्रहमा रहेका अधिकांश कविताहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग पाइए तापनि जन्म, आफ्नोपन, भगवान जस्ता कवितामा प्रथम पुरुष दृष्टिबिन्दु रहेको देखिन्छ । यस सङ्ग्रहका कावितामा, बढी मात्रामा झ्याउरे प्रकारको लोकलयको प्रयोग पाइन्छ , जस्तै :

वाल-शोषण, नारी-शोषण, बृद्धवृद्धा -शोषण
गुन्डागर्दी, गूठबन्दीलाई मात्र धेरै पोषण

(‘पृथ्वी’ पृ. ९६)

यसै गरी उनले मुक्त वा गद्य लयको पनि प्रयोग गरेका छन् । अर्यालले प्रयोग गरेको गद्यलयमा छोटाछोटा पङ्क्तिको विन्यास रहेको पाइन्छ, जस्तैः

यसले केवल गन्ध दिन्छ
दुर्गन्धबाट बचाएर
सुगन्धमा रूपान्तरण गर्ने काम
हाम्रो हो ।

(‘विचार’ पृ. ३४) ।

यसरी अर्यालले आफ्ना कवितामा लोक र गद्यलयको गेयात्मक प्रयोग गरेको देखिन्छ ।

अर्यालले प्रस्तुत कवितासङ्ग्रहमा अलङ्कार, बिम्ब र प्रतीकको कमै प्रयोग गरेको पाइन्छ । उनले आफ्ना कवितामा प्रयोग गरेका केही अलङ्कारहरू यस प्रकार छन्:

मन ज्योति शक्ति हो, जेमा जोड बल्छ

मन करुणा मूर्ति हो, पीडाभित्र गल्छ ।

('मन' पृ. २४)

यसमा 'बल्छ' र 'गल्छ' मा अन्त्यानुप्रास रहेको छ ।

यस्तै मान यस्तै सम्मान धर्ममा खुल्ने गर्छ

वृक्ष थाम्ने जरा जस्तै धर्म लुकी वस्छ ।

('धर्म' पृ. ७१)

यी पङ्क्तिमा धर्मको अति मात्रामा वर्णन गरिएका कारण 'अत्युक्ति' अलङ्कार रहेको छ ।

राजा महाराज आफ्ना राज्य विस्तार गर्छन्

जाति जनजाति कुर्ली हक अधिकार माग्छन् ।

('पृथ्वी' पृ. ९६)

यस कवितांशमा राजा र जनजातिका राज्यविस्तार एवम् हक अधिकारको अभीष्ट रहेको प्रस्तुत कथनद्वारा पृथ्वीको धैर्य अप्रस्तुत कुरालाई व्यक्त गरिएकाले यहाँ 'अप्रस्तुत प्रशंसा' अलङ्कार रहेको छ ।

यी बाहेक यसमा रूपक, विभावना, विशेषोक्ति र काव्यलिङ्ग अलङ्कारको पनि प्रयोग रहेको देखिन्छ ।

यसमा रहेका 'प्रकृति हत्केला हुन् (पृ. ९५)

वाफ हो तिम्रो जवानी (पृ. १७२) जस्ता पङ्क्तिमा रहेको हत्केलाले सुरक्षित वहन क्षमता र वाफले जवानीको क्षण भङ्गुरतालाई बुझाएकाले प्रतीक व्यवस्थाको पनि संयोजन भएको पाइन्छ ।

प्रस्तुत सङ्ग्रहमा धार्मिक र पौराणिक विम्बको प्रयोग पाइन्छ । यस्ता विम्वहरू पुराकथात्मक वा मिथकीय सन्दर्भबाट व्याख्या गर्न सकिने देखिन्छन् ।

### ४.२.१.४ निष्कर्ष

कवि रामप्रसाद अर्यालको प्रस्तुत **शीर्षक एक कृति अनेक** कवितासङ्ग्रह हालसम्मको अन्तिम कृतिका रूपमा रहेको देखिन्छ । लामालामा एकचालिसवटा कविताहरू सङ्ग्रहित प्रस्तुत सङ्ग्रहमा मूर्त अमूर्त दुवै प्रकारका विषयवस्तुहरू समावेश भएको देखिन्छ । 'स्वार्थ', 'प्रीत', 'आशीर्वाद', 'संस्कार', जस्ता अमूर्त र 'मान्छे', 'शरीर', 'पृथ्वी' जस्ता मूर्त विषयवस्तुमा उनको कवित्व चेत मुखरित भएको पाइन्छ । आफ्ना कावितात्मक रचनाका माध्यमबाट अर्यालले मान्छेका आन्तरिक मनोवृत्तिहरूलाई परिवर्तन गर्ने लक्ष्य लिएको  देखिन्छ । उनले धार्मिक प्रवृत्तिका कविता रचना गरे पनि वर्तमान युग र समयसँग सन्दर्भित भएर त्यसलई व्याख्या गरेका छन् । कवि अर्यालले अवलम्बन गरेको धार्मिक विचार यस कवितासङ्ग्रहमा प्रकटित भएको देखिन्छ । उनको धार्मिक मान्यता कठोर र यान्त्रिक नभएर मान्छे र उसका क्रियाकलाप अनुकूल रहेको छ । उनको मुख्य उद्देश्य युग अनुकूल धार्मिक वृत्तिको विकास गरेर मान्छेलाई सदाचारी बनाउनु हो भन्ने कुरा यस कवितासङ्ग्रहमा व्यक्त भएको छ । यसर्थ ईश्वरीय चिन्तनको व्याख्या गरिए पनि उनका कवितामा मान्छेको केन्द्रीयता स्वीकार गरिएको पाइन्छ । केही लोकलय र केही मुक्त लयमा आधारित उनका कविताहरू प्रथम र तृतीय दुवै दृष्टिबिन्दुमा संरचित रहेका छन् । बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गर्ने कविको रुचि नदेखिए पनि यथास्थानमा यो प्रविधि उपयुक्त र सान्दर्भिक देखा पर्दछ । सरल र सहज भाषाशैलीको प्रयोग भएका यस सङ्ग्रहका कवितामा कतै कतै तार्किक शैलीको पनि प्रयोग पाइन्छ । प्रायः अभिधात्मक अर्थ प्रकटन गर्ने कविताहरू रहेका कारण प्रस्तुत सङ्ग्रह बोधगम्य बनेर देखा परेको छ ।